Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

*Jana Aakash National Weekly* राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- १३ २०८१ साल कातिक २७ गते मंगलबार (Nov 12, 2024) www.janaakash.com.np



**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**


अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# अमेरिकामा ४७ औं राष्ट्रपतिमा डोनाल्ड ट्रम्प विजयी



■ एजेन्सी

अमेरिकाको राष्ट्रपतिको लागि भएको निर्वाचनमा कमला ह्यारिसलाइ पराजित गर्दै दोस्रोपटक डोनाल्ड ट्रम्प राष्ट्रपतिमा निर्वाचित भएका छन् । उनले खसेको कुल मत मध्य २७६ मत प्राप्त गरी विजय हाशिल गरेका हुन् भने उनकै प्रतिद्वन्द्वी कमला ह्यारिसले २१९ मत प्राप्त गरेकी छन् ।

विश्वको उत्कृष्ट राष्ट्रको रुपमा ख्याति कमाएको अमेरिका बन्ने नीतिले विश्वका देशहरुसम्म प्रभावित हुने गर्दछन् । अमेरिकामा डोनाल्ड ट्रम्पको विजयसँगै आप्रावासीहरु प्रतिको नीतिमा ट्रम्प अनुदारवादी नेताको रुपमा चिनिदै आएका छन् । अमेरिकामा आप्रावसनको रुपमा रहेका आप्रावासीहरुलाई कठिनका दिनहरु शुरु हुने अनुमानहरु गर्न थालिएको छ ।

यता पर्टी अफठ्यारो स्थिति भएपनि उता रुस र चीन भने ट्रम्पको विजयीले केही राहात महसुस गरेका छन् । किनकी युक्रेन-रुस युद्धमा युक्रेनलाई अमेरिकाले हतियारहरु दिदै आएको छ । त्यसमा ट्रम्पले विरोध गर्दै आएका थिए । सम्भवत युक्रेनमा अमेरिकाले हातहतियार साहायता नगर्ने हो भने युक्रेन र रसियाको युद्ध पनि केही समयमा रोकिने रुसको आकलन छ ।

अमेरिकामा चिनका कतिपय सामानहरुको आयातमा भन्सार बृद्धि गरेर चिनिया सामान प्रतिबन्ध जस्तै भएको छ । त्यसलाई ट्रम्प राष्ट्रपति भएपछि केही हदसम्म दुईपक्षिय वार्ता हुने र चिनिया सामानहरु अमेरिकी बजारमा सहज रुपमा वितरण हुने चिनियाहरुको बुझाई छ ।

माथि उल्लेख गरिएका विषयहरु ज जसले उठाए पनि सकारात्मक सोच्नु राम्रो पाटो हो । तर अमेरिकी परराष्ट्र नीति दिर्धकालीन हुने हुनाले नेपालमा गरिएका गफ जस्तो नभएको नेपालका परराष्ट्र विज्ञहरुको भनाई रहेको छ ।

# गठबन्धन सरकार २०८४ सम्मै जान्छ : देउवा



धनगढी- नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान कांग्रेस-एमालेको गठबन्धन सरकार २०८४ सम्मै जाने बताएका छन् ।

धनगढी विमानस्थलमा आज पत्रकारसँग संक्षिप्त कुरा गर्दै पूर्वप्रधानमन्त्री समेत रहेका देउवाले वर्तमान गठबन्धनमा कुनै समस्या नरहेकाले यो पूरै कार्यकाल टिक्ने विश्वास व्यक्त गरे । सहकारी प्रकरणका विषयमा सोधिएको प्रश्नमा देउवाले भने, "हाम्रा साथीलाई मुद्दा लाग्दा हामीले कहिल्यै होहल्ला गरेनौं, यो अदालती प्रक्रियामा छ ।"

देउवा गृह जिल्ला डडेल्धुराका विभिन्न कार्यक्रममा सहभागी हुन जानेक्रममा आज धनगढी पुगेका हुन् । कांग्रेस सुदूरपश्चिम प्रदेश कार्यसमितिका प्रवक्ता सुरत रावतले सभापति देउवा पार्टीको जिल्ला कार्यसमिति बैठक, पालिकास्तरीय भेटघाट, उग्रतारामा लाग्ने मेला, गन्यापधुरा गाउँपालिकामा हुने कार्यक्रममा सहभागी हुने जानकारी दिए ।

# ग्वार्को फ्लाई ओभर निर्माणमा ढिलासुस्ती नगर्न भौतिक मन्त्रीको निर्देशन




काठमाडौं- भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल र मन्त्रालयका उच्च अधिकारीसहित मन्त्री दाहाल सोमबार बिहान ग्वार्कोमा निर्माणाधिन फ्लाई ओभरको स्थलगत निरीक्षण गरेका छन् ।

निरीक्षण पश्चात मन्त्री दाहालले फ्लाई ओभर निर्माणको कामलाई गति दिन निर्देशन दिए । त्यस क्रममा उनले पूर्वाधार तथा विकास आयोजना निर्माण कार्यमा हुने ढिलासुस्ती सह्य नहुने बताए ।

काठमाडौंको सहरी तथा यातायात व्यवस्थापनमा महत्वपूर्ण हुने अपेक्षा राखिएको उक्त फ्लाई ओभर निर्माणको कार्यलाई गति दिएर समयमै सक्न उनले निर्देशन दिए । निरीक्षण टोलीमा मन्त्रीदाहाल सहित मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक रामहरी पोखरेल लगायत अधिकारी सहभागी थिए ।

२०७८ सालको फागुन १२ गते देखि ठेक्का लागि निर्माण शुरु भएको उक्त फ्लाई ओभर थप भएको म्याद थप पछि २०८१ को पुष ८ गते सम्पन्न गर्नुपर्ने छ । ३० मिटर स्पानको ४ लेनको पुल सहितको फ्लाई ओभर निर्माणको काम आशिष-समानान्तर-रेलिगेर जेभी काठमाडौले गरिरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १३, २०८१ साल कातिक २७ गते मंगलबार (Nov 12, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### स्थानीय तहको उपनिर्वाचनमा योग्य व्यक्तिहरूलाई मतदान गरौ ।

यतिवेला नेपालका स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि आउदो मंसिर १६ गते स्थानीय तहको उप निर्वाचन हुदैछ ।

निर्वाचन आयोगले प्रकाशन गरेको नामवली  अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशक्तर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन गरी पद बहली गराउन लागिएको छ ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं ३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन गराई निर्वाचित पदाधिकारीहरुलाई पद बहाली गराउने छ ।

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुदैछ ।

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुदैछ ।

निर्वाचन जनताले जनताकै लागि जनताद्धारा मतदान गरी नेतृत्व छान्ने प्रचलन लोकलान्त्रिक पद्धति भएका मुलुकाहरुमा प्रचलनमा रहेको छ । तर नेपालको सन्दर्भमा भने निर्वाचनको वरीपरी मतदातालाई प्रभावित पारेर जनतालाई दुःख दिने चलन हुदै आएको छ । त्यसकारण मतदाताले समाजमा योगदान पुऱ्याएको, आउदा दिनमा पनि योगदान पुऱ्याउन सक्ने र अनुभवले खारिएको देश र समाजप्रति जहिले उत्तरदायी बहन गर्न सक्ने नेतृत्व छान्न पाउने अवसर हो । यो अवसरलाई जनताले राजनीतिक पार्टी, आस्था भन्दा माथि उठेर योग्य व्यक्ति जुनसुकै पार्टी वा स्वतन्त्र ढंगावाट उम्मेद्धार दिएको किन नहोस् त्यस्ता सक्षम व्यक्तित्वलाई छानेर असल साशनको लागि बाटो खोल्नुपर्छ ।

# तपाईंको शान्ति तपाईंभित्रै छ


प्रेम रावत

"मानिसले संसारमा शान्ति ल्याउनका लागि सम्भव हुन सक्ने हरेक प्रयास गरिरहेको छ, जुन उसले गर्न सक्छ । तर, उसले 'त्यो शान्ति'लाई आफूभन्दा टाढा छैन भन्ने कुराका बारेमा जान्ने कोशिश नै गर्दैन । त्यो त ऊभित्रै छ । त्यही शान्ति पाउन मानिसले विभिन्न किसिमका औजार बनाइरहेको छ । त्यसबाट शान्ति त होइन, क्रान्ति भने अवश्य भैरहेको छ । किनभने, शान्ति त अनुभव गर्ने कुरा हो ।"

पहिलो पाइला के हो ! सबैभन्दा पहिलो पाइला के हो भने तपाईंभित्र शान्ति छ भन्ने कुरालाई बुझ्नुहोस् । किनभने, अहिलेसम्म 'तपाईंले खोजिरहनुभएको चीज तपाईंसँग छैन' भनेर तपाईंलाई सिकाइएको छ। तपाईंलाई चाहिएको खेलौना कहाँ पाइन्छ ! बजारमा पाइन्छ। त्यसलाई किनेर ल्याउनुपर्ने हुन्छ। तपाईंलाई चाहिएको शिक्षा कहाँ पाइन्छ ? त्यो विद्यालयमा पाइन्छ। विद्यालयमा त तपाईं जानै पर्ने हुन्छ । तर, जहाँसम्म शान्तिको कुरा छ त्यो बाहिर छैन। त्यो तपाईंभित्रै छ।

तपाईंले शान्ति आफूभित्रै छ भनेर जान्नुभएका दिन त्यो शान्ति तपाईंको चाहना नभएर आवश्यकता बन्नेछ। किनभने, तपाईंको चाहना त बदलिरहन्छ। यसकारण तपाईंको दराजमा भएको चीजलाई एक दिन तपाईंले किन्नुभएको थियो तर अहिले त्यसलाई प्रयोग गर्नुभएको छैन। त्यसैले तपाईंको चाहना फेरिइरहन्छ।

यदि मैले तपाईंको पहिलो पाइला अगाडितिर छैन भनिदिएँ भने के होला ! मानिसहरू त पाइलालाई अघि सार्नुपर्छ भन्छन्। कसरी अगाडि बढ्ने ! अगाडितिर जाने कुरा होइन, भित्रतिर जाने कुरा हो । तपाईंलाई चाहिएको शान्ति तपाईंभित्र छ। अहिले पनि छ अनि तपाईं रिसाएको समयमा पनि हुन्छ । तपाईंले आफूलाई कुनै कारणले घृणा गर्नुभएको समयमा या तपाईं खुशी हुनुभएको समयमा पनि त्यो हुन्छ । तपाईं दुःखी हुनुभएको समयमा पनि हुन्छ । त्यो सदैव तपाईंभित्रै छ।

एउटा उदाहरणलाई हेरौँ । एउटा कक्षामा ४० जना बालबालिका छन् । त्यहाँमध्येका १० जनाबाहेक सबै विद्यार्थी केही पनि नगरी चुपचाप बसेका छन् । तपाईंलाई थाहै होला ती १० जनाले यदि केही खराबी गरे भने त्यहाँ बस्ने बाँकी ३० जनामा पनि त्यसको प्रभाव पर्छ । त्यस्तै शान्तिका विषयमा कुरा हुँदा अनि निजी शान्तिका बारेमा चर्चा हुँदा तपाईंले यसलाई अनुभव गरेपछि मात्रै बुझ्न सक्नुहुन्छ । त्यसपछि तपाईंले भन्नुहुनेछ, 'हो ! अब मैले शान्तिको अनुभव गरेको छु ।' जुनसुकै देशको मानिस भए पनि, जस्तोसुकै मानिस भए पनि 'घोकेर' सिकेको कुरामा तपाईंले केही पनि भन्न सक्नुहुन्न । तथापि, अनुभवबाट सिकेको कुरामा तपाईंले भन्न सक्नुहुन्छ, 'यो यस्तो हुन्छ ।' यसर्थ शान्ति अनुभव गर्ने कुरा हो ।

कारागारमा समेत शान्तिको अनुभव हुन सक्छ । आजीवन कारावासको सजाय पाएकाहरूमा पनि अनुभव हुन सक्छ । यदि त्यस्ता मानिसहरूको जीवनमा समेत आशा पलाउन सक्छ भने जहाँसुकैका अत्यन्तै गरिब, असाध्यै धनी वा जोसुकैले पनि शान्तिको अनुभव गर्न सक्छ ।

कसैले मलाई तिर्खा लागेको छ भन्यो भने मैले उसलाई चार गिलास पानी दिऊँ । फेरि अर्को कोठाबाट मलाई कसैले सोध्छ, 'त्यो कोठामा भएका ती तिर्खालु मान्छेको तिर्खा मेटियो ?' अनि मैले उसलाई उत्तर दिऊँ, 'मैले त उसलाई चार गिलास पानी दिएर आएको हो । पक्कै पनि उसको तिर्खा मेटियो होला।' तर, यदि उसले पानी पिएकै छैन भने कसरी तिर्खा मेटिन्छ र ? शान्ति पनि यस्तै कुरा हो । मानिसहरूले त यदि हामीले लडाइँ, झगडालाई रोक्यौँ भने शान्ति हुन्छ भनेर सोच्छन्। त लडाइँ कसरी शुरु भयो! शान्ति त पहिल्यै थियो अनि लडाइँचाहिँ कसरी शुरु भयो ! लडाइँ त एउटा प्रणाली हो। जस्तो रुघा लाग्यो भने खोकी पनि लाग्छ, नाकबाट सिँगान पनि बग्छ । यो त सबै प्रणाली हो। यसर्थ सबै कुरा त्यही शान्तिको अभावका कारण भइरहेको छ। वास्तवमा मानिसलाई निजी शान्तिको आवश्यकता पर्दछ। निजी शान्ति नभएसम्म यो संसारमा कहिल्यै शान्ति हुन सक्दैन।

दुईवटा मैनबत्ती छन्– एउटा निभेको छ अनि अर्को बलिरहेको छ।

दुवै मैनबत्तीलाई तपाईंले नजिकमा ल्याउनुभयो भने के हुन्छ ! निभेको मैनबत्ती पनि बल्न शुरु गर्नेछ । यो प्रकृतिको एउटा कानुन हो । यदि तपाईं बलिरहनुभएको मैनबत्ती बन्नुभयो भने तपाईंका सामुमा आउने निभेका दियाहरू पनि बल्न थाल्नेछन् । मानिसहरू के सोच्छन् भने, 'यति धेरै मानिसहरूलाई शान्ति दिने कुरा असम्भव छ । सबैलाई कसरी शान्ति दिन सकिन्छ र !' सबैको कुरा होइन, कुरा हो तपाईंको । अङ्ग्रेजीमा एउटा शब्द छ- प्रिपोन्डेरेन्स ! यदि पचास प्रतिशत मानिसले मात्रै भए पनि शान्तिको अनुभव गरे भने बाँकी पचास प्रतिशतमा पनि त्यसको प्रभाव पर्नेछ ।

तपाईं बिहानदेखि साँझसम्म जे-जे गर्नुहुन्छ, जति समय बितेर गयो, जति दिन, जति घण्टा, जति सेकेन्ड बितेर गयो नि त्यो कहिल्यै पनि फर्केर आउनेछैन । यसकारण हामीले हरेक दिनलाई खेर नफालीकन बचाउनु आवश्यक छ । मानिसहरूले गर्मी मौसममा सुन्तला या मौसमको रस निकाले जसरी अन्तिम थोपोसम्मलाई पनि नछोडीकन मज्जाले निचोर्नुपर्छ । के तपाईं पनि यो दिनको हरेक थोपोलाई निचोर्न सक्नुहुन्छ ? हरेक क्षणभित्र लुकेको रसलाई, यसभित्र निहित शान्तिको एक-एक थोपोलाई निचोर्नुपर्छ । यो अत्यावश्यक छ । यदि आफ्नो जीवनमा यसो गर्न सक्नुभएन भने यो मानिसको शरीर पाउनुको फाइदा नै के भयो र !

मानिसहरू त भन्ने गर्छन्, 'यसको अर्थ के हामीले सारा घर-गृहस्थीलाई त्याग्नुपर्छ ?' पर्दैन । घरबार छोड्नु आवश्यक छैन । तपाईंको जीवनमा भएका जिम्मेवारीहरूलाई अझै राम्रोसँग निर्वाह गर्नुहोस् । तथापि, तपाईंमा एउटा अर्को पनि जिम्मेवारी छ। तपाईंभित्र बसेका ती सृष्टिकर्ताको अनुभव गर्ने जिम्मेवारीलाई कहिल्यै नबिर्सनुहोस् ।

यो शरीर माटो हो । एक दिन यो माटोले माटामै मिल्नुपर्नेछ । तथापि, यो माटो हाँसुन्जेल, रोउन्जेल, बोलुन्जेल, नाचुन्जेल, सुनुन्जेलसम्ममा यसले आफ्नो जीवनलाई सफल तुल्याउन सक्छ । यो माटोले आफ्नो जीवनलाई सफल पारेका दिन यो माटो मात्रै रहनेछैन । यो त अमृतै अमृतद्वारा भरिएको एउटा भाँडो हुनेछ । किनभने, उसले आफ्नो जीवनमा त्यस चीजलाई पहिचान गरेको छ । त्यो चीजलाई देखेको छ, त्यो चीजलाई सुनेको छ ।

यो कुरा विश्वास गर्ने विषय नभएर अनुभव गर्ने कुरा हो । यो भनिने कुरा मात्रै होइन । म त 'मलाई ज्ञान चाहियो' भन्ने मानिसहरूलाई ज्ञान पनि दिन्छु । ज्ञान प्राप्त गर्नका लागि श्रद्धा हुनुपर्छ, तिर्खा हुनुपर्छ । यदि मानिसमा जिज्ञासा छैन भने उसले कुनै कुरालाई बुझ्नै सक्दैन । तपाईंभित्र भएको शान्तिलाई खोज्नुहोस् । त्यसलाई खोज्नुहोस् । जहाँ पाइन्छ त्यहीँ ठीक छ । यदि अन्त पाइएन भनेचाहिँ मकहाँ आउनुहोस् । शान्तिको अनुभव भित्रबाट हुन्छ । यदि तपाईंलाई त्यस्तो अनुभव चाहिएको छ भने म तपाईंलाई मद्दत गर्न सक्छु । तपाईंको शान्ति तपाईंभित्रै छ । यो कुरालाई बुझ्नुहोस् अनि आफ्नो जीवनमा यसको अनुभव गर्नुहोस् ।

आज पृथ्वीमा अर्बौं मानिस छन् । शान्तिका बारेमा हरेक मानिसका आ-आफ्नै परिभाषाहरू छन् । कसैले शान्ति प्राप्त गर्नका लागि राम्रो जागिरको चाहना राख्दछ । कोही यस संसारमा सबैभन्दा धनी मानिस बन्न चाहन्छ । हरेक मानिसले आ-आफ्नो चाहनालाई पूरा गरेर शान्ति प्राप्त गर्न चाहन्छ । मानिस भन्दछ, 'मलाई शान्ति चाहियो ।' संसार भन्छ, 'तपाईंको परिवार राम्रो छ। तपाईंको जागिर राम्रो छ । तपाईंको घर राम्रो छ । तपाईंका छोराछोरीहरू असल छन् । तपाईंलाई अरू के चाहियो ?' के साँच्चै नै वास्तविक शान्ति यी सबै चीजहरु प्राप्त गरेर सम्भव होला त ?

आजको युगलाई विज्ञानको युग भनिन्छ । यस संसारमा मानिसले आफ्नो सुख-सुविधाका लागि के-के मात्रै गरेको छैन र ! तैपनि आज यो संसारको अवस्था राम्रो छैन । बुद्धिमान मानिसहरूले त यस्ता-यस्ता यन्त्रको आविष्कार गरिसके, जुन पृथ्वीको आकर्षण शक्तिलाई पनि छोडेर अन्तरिक्षमा जान सक्छन् र विभिन्न किसिमका कार्यहरू गर्न सक्छन् । असम्भव लाग्ने कुराहरूलाई पनि सम्भव तुल्याइरहेका हुन्छन् । क्यामेरा, टेलिफोन, नेभिगेसन (जहाजको दिसा नियन्त्रण गर्ने प्रणाली) लगायत अरू थुप्रै आविष्कार गरेका छन् । एक ठाउँबाट अर्को ठाउँसम्म जानलाई मानिसले आफ्ना लागि कस्ता-कस्ता सुविधाहरूको विकास गरेको छ । पृथ्वीमा बसी-बसी हज्जारौँ-करोडौँ माइल टाढा हेरेर 'आकाशको तारा कति ठूलो छ भनेर भन्न सक्छ ।' जसरी मानिसले ती सबै सुविधाहरू आफ्ना निम्ति सम्भव बनाएको छ त्यसै गरी यो संसारमा शान्तिलाई सम्भव बनाउनका लागि पनि मानिसले नै पाइला चाल्नुपर्छ।

यस संसारमा सुख-दुख त भइरहन्छ । कसैलाई दुःख हुन्छ त कतिलाई त्यही दुःखका कारणले खुशी प्राप्त हुन्छ। तर, मानिस यो कुरालाई बुझ्न चाहँदैन । शान्तिसँग रहेर यो जीवनलाई सफल बनाउने जुन मूल लक्ष्य छ त्यही कुरालाई बिर्सन्छ। एकखालको शान्ति त त्यो पनि हो जुन परिस्थितिमा निर्भर रहन्छ। सबै कुरा ठीक भएपछि त्यसको अनुभव हुन्छ। तर, अर्को शान्ति त्यो हो जसमा जुनसुकै परिस्थिति होओस् मानिसले आफूभित्र त्यो शान्तिलाई महसुस गर्न सक्छ। मानिसले संसारमा शान्ति ल्याउनका लागि सम्भव हुन सक्ने हरेक प्रयास गरिरहेको छ, जुन उसले गर्न सक्छ । तर, उसले 'त्यो शान्ति'लाई आफूभन्दा टाढा छैन भन्ने कुराका बारेमा जान्ने कोशिश नै गर्दैन । त्यो त ऊभित्रै छ । त्यही शान्ति पाउन मानिसले विभिन्न किसिमका औजार बनाइरहेको छ । त्यसबाट शान्ति त होइन, क्रान्ति भने अवश्य भैरहेको छ । किनभने, शान्ति त अनुभव गर्ने कुरा हो ।

खुशीको खबर के छ भने, जुन शान्तिको खोजी हामीलाई छ, त्यो हामीबाट टाढा छैन । त्यो हामीभित्रै छ । मानिसले भित्रको शान्तिलाई प्राप्त नगरेसम्म चाहे उसले जतिसुकै कोशिश किन नगरोस्, ऊ व्याकुल रहनेछ । हरेक व्यक्ति-व्यक्तिलाई शान्तिको अनुभव भएपछि मात्रै यो पृथ्वीमा शान्ति सम्भव हुन्छ।

*मानवता र शान्ति विषयका अन्तर्राष्ट्रिय वक्ता प्रेम रावतको सम्बोधन । संकलन एवं प्रस्तुतीकरण : डा. प्रेमराज ढुङ्गेल ।*

# 'पानी मुनी माछा' बाल गीतबाट चर्चामा गायक उतम पौडेल



*काठमाडौं– नेपाली गीत संगीत क्षेत्रमा आफ्नो अमूल्य समय समर्पण गर्दै थुप्रै लोकप्रिय गीत सिर्जना गरेका गायक तथा सर्जक उतम पौडेल, जसलाई विशेष रूपमा "पानी मुनी माछा" बाल गीतले परिचित बनायो। यो गीतको कारणनै उनले दर्शक स्रोता माझ लोकप्रियता प्राप्त गरे । "पानी मुनी माछा" मात्र होइन्, उनका दर्जनौं गीतहरू बजारमा सार्वजनिक भएका छन्, तर उनले गरेका सबै गीत भन्दा बढी मन पराएको गीत भने "पानी मुनी माछा" हो ।*

*रामेछापको माटोमा हुर्केका उतम पौडेल, जसले नेपाली गीत संगीत क्षेत्रमा संघर्ष र समर्पणका साथ आफ्नो स्थान बनाएका छन्, अहिले रामेछाप सांस्कृतिक कलाकार समाजको अध्यक्षका रूपमा पनि कार्यरत छन् । उनले लामो समयदेखि विद्यालयमा बालबालिकालाई संगीत सिकाउँदै, संगीत शिक्षामा आफ्नो योगदान दिदै आएकाछन् । उनै लोकप्रिय गायक तथा सर्जक उतम पौडेलसँग जन आकाश मिडियाका संवदादता विनोद काकीले गरेको कुराकानी यस्तो छ ।*

**'पानी मुनी माछा' बाल गीतको प्रेरणा कसरी प्राप्त गर्नुभयो ?**

म साना नानीहरुलाई स्कुलमा संगीत सिकाउँछु । अरूका गीतहरू जति सिकाउँथैं, आफूले पनि केही सिर्जना गर्नुपर्छ भन्ने सोच्थे ं। बालबालिकालाई रमाइलो लाग्ने र सजिलै बुझ्ने खालको गीत बनाउन चाहन्थे ं। त्यसरी नै "पानी मुनी माछा" बाल गीतको सृजना गरे । गीत रेकर्ड नहुँदै स्कुलमा उक्त गीत बालबालिकालाई सिकाइसकेको थिएँ। पछि रेकर्ड गर्ने निर्णय गरेँ, र यसरी नै यो गीत बजारमा आयो ।

**रामेछापका जनप्रतिनिधिले रामेछाप कलाकार समाजलाई कसरी बुझेका छन् ?**

रामेछापका जनप्रतिनिधिहरू कलाकार समाजको महत्व बुझेका छन् भनेर भन्न गाह्रो छ। अन्य जिल्लाको तुलनामा रामेछापमा कलाकारहरूको भूमिका अझै राम्रोसँग बुझाइएको छैन । तर, हाम्रो प्रयास भने रामेछापका कलाकारलाई एकीकृत गर्न र उनीहरूको हितका लागि काम गर्न निरन्तर जारी छ।

**रामेछाप कलाकार समाजका आगामी योजनाहरू के छन् ?**

हाम्रो उद्देश्य यो समाजलाई दीर्घकालीन बनाउनु हो । आगामी २० वर्षसम्म समाजलाई कसरी टिकाउन सकिन्छ भन्ने सोचसहित हामीले कार्ययोजना बनाउँदैछौं । हाल समाजमा १५० भन्दा बढी कलाकार आबद्ध छन्, र यसलाई वडासम्म विस्तार गर्दै रामेछापका कलाकार हरूलाई एकै ठाँउमा जुटाउने योजना बनाएका छौं । भविष्यमा यो समाजले कलाकारहरूलाई कठिन परि स्थितिमा सहयोगको माध्यम बनोस् भन्ने चाहन्छौं ।

**'पानी मुनी माछा' बाल गीतलाई दर्शकले माया गर्नुको कारण के होला ?**

मैले यो गीतलाई धेरै सरल र सहज शैलीमा बनाएको हुँ। मलाई लाग्छ, यसकै कारण गीतले सबैको मन जित्न सफल भयो। यस गीतको सफलतामा शिक्षकहरूको ठूलो भूमिका छ, जसले टिकटकमा नाच्ने भिडियोहरू बनाएर यसलाई अझै चर्चित बनाए। यसरी गीत बालबालिका र अभिभावकको मन मस्तिष्कमा बस्न सफल भयो ।

# कलाकार पाण्डेको: कलाकारिता क्षेत्रको प्रेरणादायक यात्रा

काठमाडौं- अरुण खोलाको किनारामा जन्मिएका हास्य कलाकार सुमन पाण्डे अहिले नेपाली मनोरञ्जन क्षेत्रका एक प्रभावशाली नाम बनिसकेका छन्। नवलपुरको अरुण खोला स्थित बेलामा जन्मेका सुमन पाण्डे २०४७ सालको भदौ महिनामा पिता ऋषिराम पाण्डे र माता सुभद्र पाण्डेको कोखबाट जन्मेका सुमन पाण्डे कान्छो सन्तानको रूपमा जन्मिएका थिए । उनका पिताजी र माताजीको इच्छाअनुसार सुमनले शिक्षा जीवनमा पनि राम्ररी प्रगति गरे।

सानो हुँदा नै कलाकारिता क्षेत्रबाट आफुलाई चिनाउने चाह राख्ने स्वभावका सुमनले आफूलाई छोटो समयमा स्थापित गर्न सफल भए । २०६७ सालमा, नारायण प्रशाद मैनालीको निर्देशनमा "चम्पा चमेली" फिल्ममार्फत सुमनले आफ्नो अभिनय यात्रा सुरु गरे । त्यसपछि उनले नेपाल टेलिभिजनबाट प्रसारित दीपक राज गिरीको निर्देशनमा बनेको हास्य टेलि-फिल्म "तितो सत्य" मा अभिनय गर्दै लोकप्रियता हासिल गरे ।

सुमन पाण्डे केवल टेलिभिजन र सिनेमा सम्म सीमित नभइ, उनले थुप्रै गान्धिक भिडियो र साँस्कृतिक नाटकमा पनि आफ्नो अभिनय देखाएका छन् । उनले निभाएका प्रमुख भूमिकामा "मेरी बास्सै, भद्रागोल, भुन्टी, कान्छी सन्तान, दिदी बहिनी, सौता मेरी बैनी" लगायतका सिरिय प्रमुख छन् । सुमनले अभिनय गरेका अधिकाँश सिरियल,फिल्महरुले समाजमा सकारात्मक शन्देस दिएको छ भने कति फिल्म, सिरियलहरुले इतिहास समेत रच्न सफल भएको छ ।

सुमनको अभिनयको यात्रा यत्ति मात्र सीमित छैन । उनले गुल्मी जिल्लामा पहिलो टेलिभिजन "रेसुङ्गा" टेलिभिजन खोलेर सफलता समेत हासिल गरेका छन् जसले उनको व्यवसायिक क्षेत्रको क्षमतालाई अझ प्रगतिशिल बनायो ।



अहिले सुमन पाण्डे नेपाली कला र मनोरञ्जन क्षेत्रको एक प्रमुख नामका रूपमा स्थापित छन् । उनले भनेका छन्, कला मेरो धर्म हो, कला मेरो कर्म हो उनलाई विश्वास छ कि उनको यात्राले अझै धेरै सफलताहरू प्राप्त गर्ने छ। सुमन पाण्डे आफ्नो सबै समय र उर्जालाई कलाकारिता र समाजसेवामा समर्पित गर्न चाहन्छन् ।

सुमन पाण्डे हाँस्य कलाकारको रूपमा धेरैलाई हँसाउने मात्रै होइन, सामाजिक संदेश पनि दिने एक प्रेरणादायक व्यक्तित्वका रुपमा सधैं नेपाली समाजमा परिचित रहनेछन् ।

## रामेछाप डायरी

# राष्ट्रिय फोटो पत्रकार समुह नेपाल रामेछाप उत्कृष्ट जिल्ला शाखा घोषित



राष्ट्रिय फोटो पत्रकार समुह नेपाल रामेछापले उत्कृष्ट शाखाको पुरस्कार प्राप्त गरेको छ। राष्ट्रिय फोटो पत्रकार समुह नेपालको २७ औं वार्षिको त्सब तथा १३ औं अधिवेशन कार्यक्रमको अवसरमा रामेछाप शाखालाई उत्कृष्ट शाखा घोषणा गरिएको हो ।

खानेपानी मन्त्री प्रदीप यादवले रामेछाप जिल्ला शाखाका अध्यक्ष मिलन घिमिरेलाई सम्मान पत्र प्रदान गर्नुभयो । रामेछाप जिल्ला शाखाले स्थापनाकालदेखि जिल्लामा संस्थाको श्रीवृद्धि,हकहित तथा प्रचारप्रसारमा उत्कृष्ट काम गरेको भन्दै सम्मान गरिएको हो ।

यो सम्मानले जिल्ला शाखालाइ थप काम गर्ने हौसला र प्रेरणा मिलेको रामेछाप शाखाका अध्यक्ष मिलन घिमिरेले बताउनुभयो ।

# एनओसी नचाहिने

## भारत जाने नेपालीलाई




काठमाडौं- श्रम स्वीकृति लिएर भारतको विमानस्थल हुँदै वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) नचाहिने भएको छ । नयाँदिल्लीस्थित नेपाली राजदूतावासले सूचना जारी गर्दै एनओसी नचाहिने जनाएको हो ।

श्रम स्वीकृति भएका नेपालीलाई भारतको एयरपोर्ट हुँदै श्रम गन्तव्य मुलुक जानको लागि एनओसी नचाहिने व्यवस्था गरिएको दूतावासले जनाएको छ । यूएसए, यूके तथा सेन्जेन मुलुकको भिसा भएका नेपाली नागरिकलाई पनि एनओसी नचाहिने दूतावासले जनाएको छ ।

साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स, ओमान, बहराइन, इराक, लिबिया र लेबनान जाँदा यस दूतावासबाट एनओसी लिनुपर्ने तर वैदेशिक श्रम स्वीकृति लिएका नेपाली नागरिकहरूलाई भने एनओसी नचाहिने दूतावासले जनाएको छ ।

रुस सरकारबाट छात्रवृत्ति प्राप्त गर्ने र व्यावसायिक भिसा हुनेहरू बाहेक रसिया जाने यात्रुहरूले भने दूतावास वा नेपालको कन्सुलर सेवा विभागबाट एनओसी प्राप्त गर्नुपर्ने दूतावासले जनाएको छ ।

पछिल्लो समय हवाई सेवा प्रदायकहरूले अन्तर ाष्ट्रिय हवाई भाडामा चर्को वृद्धि गरेका छन्। मेनपावर व्यवसायीहरूले त्यसको विरोध गर्दै भारतको बाटो हुँदै जाँदा आवश्यक पर्ने एनओसी खारेज गर्न माग गर्दै



नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

Notice Regarding Travel NOC

(w.e.f. 28 Dec. 2023, (1st amended on 30 July 2024))

1. Nepali citizens shall require an NOC from this Embassy while travelling to Saudi Arabia, Qatar, Kuwait, United Arab Emirates, Oman, Bahrain, Iraq, Libya and Lebanon using Indian airports. Similarly, travellers to Russia, excluding recipients of scholarships from the Russian Government and business visa holders, must obtain an NOC from either this Embassy or the Department of Consular Services of Nepal.
2. However, Nepali citizens holding a valid Foreign Employment Permit (FEP) issued by the Department of Foreign Employment/Nepal are exempt from the requirement of obtaining any NOC from this Embassy. The authenticity/genuineness of FEP can be verified through the link: https://dofe.gov.np/PassportDetail.aspx
3. Similarly, Nepali nationals possessing a valid residence card or visa for the USA, the UK, Canada, Australia, New Zealand, Japan and Schengen countries do not require such NOC for travelling to any country.
4. Likewise, holders of Nepali Diplomatic/Official/Service Passports, Nepali nationals bearing the United Nations Laissez-Passer (UNLP), and Nepali minors below 16 years of age are also exempt from requiring an NOC.
5. Nepali nationals who require travel NOC are kindly requested to contact this Embassy via email (consularnepalembassy@gmail.com), along with all the required documents as mentioned on the Embassy's website, at least seven (7) days prior to the intended date of travel. The Embassy may request for additional documents as deemed necessary.
6. Service charge for Travel NOC is INR 1000.00/per person, which can be deposited in the following bank account or paid online by scanning the following QR Code:

| | |
|---|---|
| ▪ AC Holder's Name: Embassy of Nepal, New Delhi<br>IFSC Code: HDFC0001220<br>HDFC Bank, M-36 Connaught Place<br>AC No.: 50200058949431<br><br>▪ AC Holder's Name: Embassy of Nepal, New Delhi<br>A/C No. 6512885517<br>IFSC Code: KKBK0000172<br>Kotak Mahindra Bank | BHIM UPI<br>Embassy Of Nepal |

Contact details:
Tel: +91-11 23476200
Email: consularnepalembassy@gmail.com
Hotline No. +91-8929601925 (emergency call only)

*Note: The Embassy reserves all the rights to issue NOC.*

Barakhamba Road, New Delhi-110001, India, Tel.: +91-11-23476200 / +91-11-23327361, Hotline : +91-8929601925
Website : in.nepalembassy.gov.np

आएका थिए । सोही आधारमा दूतावासले तत्कालका लागि एनओसी नचाहिने व्यवस्था गरेको हो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १३, २०८१ साल कातिक २७ गते मंगलबार (Nov 12, 2024)

# वर्षकै सर्वाधिक ठूलो सेल दराज ११.११ को आयोजना हुँदै




काठमाडौं- नेपालकै अग्रणी ई-कमर्स प्लेटफर्म, दराजले आफ्नो बहुप्रतिक्षित सेल दराज ११.११को आयोजना गर्दैछ । नेपालमा बर्षकै ठूलो सेलका रुपमा परिचित दराज ११.११ यस वर्ष, नोभेम्बर ११ देखि २१ सम्म आयोजना हुने भएको छ ।

बहुप्रतिक्षित यस सेलमा थप आकर्षण थप्न यस वर्ष फ्ल्याश सेलमार्फत ८०% सम्म छुट, देशभर निःशुल्क डेलिभरी सुविधा, र ३ करोड रुपैयाँ सम्मका भौचरहरुका साथै अविश्वसनिय छुट लगायत सुविधाहरु समेत उपलब्ध हुनेछन् ।

“ग्राहकहरुको बर्ष भरीको प्रतिक्षालाई सार्थक पार्ने सोचका साथ यस वर्षको दराज ११.११ सेलमार्फत हामीले हाम्रा ग्राहकहरुलाई अद्वितीय किनमेल अनुभव प्रदान गर्ने लक्ष्य लिएका छौं । “प्रबन्ध निर्देशक, दराज नेपाल, आँचल कुँवरले बताउनु भयो “यस सेलले ग्राहकहरुका लागि अप्रत्याशित छुटहरु उपलब्ध गराउनुका साथै हजारौं स्थानीय विक्रेताहरुलाई आफ्ना पृथक उत्पादनहरु प्रदर्शित गर्ने मौका प्रदान गर्नेछ ।

साथै, हाम्रो बृहत्त सञ्जाल मार्फत देशभरका उपभोक्ताहरु माझ तिनका पृथक उत्पादनहरु उपलब्ध गराउन तथा उपभोक्ताहरुलाई स्थानीय ब्राण्डहरुको उत्कृष्ट सामानहरू खोज्न सघाउने हाम्रो विश्वास छ । “विविध सामग्रीहरुका विस्तृत श्रृंखला र ब्राण्डेड उत्पादनहरु मध्य विशाल छनौटको अवसरसँगै, दराज ११.११ किनमेलको लागि एक अतुलनिय गन्तव्य हो ।

यस वर्षको दराज ११.११ सेलका लागि दराज नेपालले सात ओटा डाइमन्ड ब्राण्ड पार्टनरहरु राखेको छ, जसमा सेटाफिल, रोहोतो मेन्थोलाटम, मसलब्लेज, जुभारा, बोट, एडिडास, र बाल्ट्रा समावेश छन् । प्लेटिनम पार्टनरहरुमा टेक्नो, परफेट्टी, ग्रीनलाइफ एक्स्पिरियन्स, एंकर्स, डा. शेत, र एबीबी रहेका छन् । साथै, गोल्ड ब्राण्ड पार्टनरहरुमा भ्यान्स, मुनस्टार, अस्तावुल्फ, ईप्लाजा, मामाअर्थ, पिलग्रिम, र जेब्रोनिक्स रहेका छन् ।

यसैगरी, दराजले १० ओटा बैंक र २ ओटा वालेट पार्टनरहरुसँग मिलेर ११.११ सेलमा प्रिपेमेन्ट मार्फत रु. २५०० सम्मको छुटहरु प्रदान गर्ने व्यवस्था पनि गरेको छ । यी बैंकका डेबिट कार्डहरु मार्फत डिजिटल प्रिपेमेन्ट गर्दा ग्राहकहरुले १५% छुट, अधिकतम रु. २००० सम्म, प्राप्त गर्न सक्ने दराजले जानकारी दिएको छ । साथै, क्रेडिट कार्ड प्रयोग गर्ने ग्राहकहरुले २०% छुट, अधिकतम रु २५०० सम्म प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।

ग्राहकहरु नबिल बैंक, हिमालयन बैंक, सनिमा बैंक, एभरेस्ट बैंक, एनएमबी बैंक, माछापुच्छ्रे बैंक, सिटिजन्स बैंक, नेपाल बैंक, ज्योति विकास बैंक, र महालक्ष्मी विकास बैंक मार्फत उपर्युल्लिखित छुट पाउन सक्नेछन् । त्यस्तै, आफ्नो ई-सेवा र आईएमई पे वालेट मार्फत प्रिपेमेन्ट गर्ने ग्राहकहरुले पनि दराज ११.११ को विभिन्न समयमा छुट प्राप्त गर्न सक्नेछन् ।

यी रोमाञ्चक अफरहरुका साथै, यस अभियान मार्फत दैनिक रुपमा रु. ११, रु. १११ र ११११ रुपैयाँका डिलहरु पनि सेलमा रहनेछन् । खरिदकर्ताहरुले रु. ६९९, रु. ९९९, रु. १९९९ र २९९९ रुपैयाँभन्दा कममा उत्कृष्ट डिल्स पाउन सक्नेछन् । साथै, दराज ११.११ सेल अवधिभर कम्तिमा ३५०० रुपैयाँको सामग्री खरिद गर्ने एक भाग्यशाली खरिदकर्ताले प्यानासोनिकको ३५००० रुपैयाँ मूल्य बराबरको घरायसी सामग्रीको सेट जित्न सक्नेछन् ।

थप पाँच जना ग्राहकहरुले कामाख्या डेकोर, बागमती प्लास्टिक्स, सेटाफिल, मामाअर्थ, र जिना अल्केमीका तर्फबाट आकर्षक गिफ्ट ह्याम्परहरु पनि जित्न सक्नेछन् ।

# स्मार्टच्वाईस टेक्नोलोजिज र स्मार्टकार्ड नेपाल बिच सम्झौता

काठमाडौं- नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाईस टेक्नोलोजि लिमिटेड (SCT) र भुक्तानी सेवा प्रदायक संस्था स्मार्टकार्ड नेपाल (MyPay Wallet) बिच “स्मार्ट क्यूआर” मार्फत भुक्तानी सेवा सञ्चालनको लागि सम्झौता सम्पन्न भएको छ ।




यस सम्झैता पश्चात माई पे वालेट प्रयोगकर्ताले स्मार्ट क्यूआर मार्फत आफ्नो वालेट लोड गर्न मिल्ने र मर्चेन्टहरुलाई भुक्तानी गर्न मिल्नुका साथै विभिन्न व्यापार व्यवसायमा संलग्न व्यवसायीहरुले क्यूआर मार्फत भुक्तानी लिनलाई स्मार्ट क्यूआरको सुविधा पनि लिन सक्नेछन् ।

क्यूआर कोडका लागि प्रचलित अन्तराष्ट्रिय मापदण्ड इ.एम.भि. स्टान्डर्ड पालना गर्दै नेपाल क्यूआर स्टान्डर्ड अन्तर्गत जारी हुने स्मार्ट क्यूआर नेपालको पहिलो इन्टरअपरेवल क्यूआर कोड हो ।

स्मार्टच्वाईस टेक्नोलोजिज लिमिटेडको कार्यलयमा आयोजित कार्यक्रममा क्क्र्त का तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनोज घिमिरे र (MyPay) का तर्फबाट प्रमुखकार्यकारी अधिकृत मनोज मेहताले सेवा सञ्चालन सम्झैता हस्ताक्षर गर्नुभयो ।

स्मार्ट क्युआर (MyPay) मार्फत हुने कारोबार बापतको रकम मर्चेन्टको खातामा तत्कालै फर्स्योट हुने भएकाले यस सेवाको सुरुवात पश्चात माईपे वालेटका प्रयोगकर्ता लगायत मर्चेन्टहरुलाई कारोबार गर्न झनै सजिलो हुने विश्वास रहेको छ ।

# तेस्रो अपरेटर भित्र्याउने तयारी भइरहँदा युटीएलको लाइसेन्स खारेज गर्ने तयारी

काठमाडौं- तेस्रो टेलिकम अपरेटर भित्र्याउने तयारी तीव्र बनिरहँदा युटीएलको लाइसेन्स खारेज गर्न लागिएको छ । युटीएलको लाइसेन्स खारेज गर्ने प्रस्ताव नेपाल दूरसञ्चार प्राधिकरणको बोर्डमा पुगेको छ ।

करिब साढे ७ अर्ब रुपैयाँ बक्यौता तिर्न बाँकी रहेको भन्दै प्राधिकरणले युटीएलको लाइसेन्स खारेज गर्ने प्रस्ताव सञ्चालक समितिमा पेस गरेको हो ।

सर्वोच्च अदालतले २०८० माघमा युटीएलले सरकारविरुद्ध दायर गरेका सबै रिट खारेज गरेपछि प्राधिकरणले गत जेठ २५ गतेमा बक्यौता बुझाउन १५ दिनको अल्टिमेटम दिएको थियो । अल्टिमेटम गुज्रिएको ५ महिनापछि युटीएलको लाइसेन्स खारेज गर्ने प्रस्ताव प्राधिकरणको बोर्डमा पुगेको हो ।

प्राधिकरण स्रोतले युटीएलको लाइसेन्स खारेज गर्ने प्रस्ताव तिहारअघि बोर्डमा पेस भएको बतायो । बोर्ड बैठक तत्काल बस्ने स्थिति छैन ।

प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आटीयू)को कार्यक्रमका लागि आइतबार भारत भ्रमणमा निस्किएका छन् । अध्यक्ष भण्डारी बिहीबार स्वदेश फर्किने र त्यसपछि मात्रै बोर्ड बैठक बस्ने प्राधिकरणका एक सञ्चालकले जानकारी दिए । प्राधिकरणको सञ्चालक समितिले युटीएलको लाइसेन्स खारेज गर्ने/नगर्ने निर्णय गर्नेछ ।

२०७३ भदौ २० गते आधारभूत टेलिफोन सेवाको लाइसेन्स लिएको युनाइटेड टेलिकमले नवीकरण, फ्रिक्वेन्सी, रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषलगायत दस्तुर गरेर ७ अर्ब ४२ करोड ९३ लाख ९१ हजार ३३७.१२ रुपैयाँ तिर्न बाँकी छ । यो दस्तुर २०८१ जेठसम्मको हो । युटीएलले बक्यौता नतिरेकाले यो रकम निरन्तर बढ्दै गइरहेको छ ।

UTL Nepal

# एनएसीको वाइडबडी जहाज अढाइ महिनामा सि-चेक, इटलीबाट २८ गते काठमाडौं ल्याइँदै

काठमाडौं- नेपाल वायुसेवा निगम (एनएसी)को ९ एन-एएलजेड कलसाइनको वाइडबडी जहाज अढाइ महिनामा सि-चेक (विस्तृत मर्मत) भएको छ । भदौ १२ गते इटलीको एटिटेक एसपीए कम्पनीमा पठाइएको जहाज बल्ल सि-चेक भएको हो ।

एटिटेक एसपीएले सि-चेक सकिएको जानकारी गराएपछि एनएसीले जहाज लिनका लागि चालक दलका सदस्य इटली पठाएको छ ।

एनएसीका प्रवक्ता रमेश पौडेलले जहाज कात्तिक २८ गते काठमाडौं ल्याउने तयारी रहेको जानकारी दिए । ‘जहाजको सि-चेक सकिएको जानकारी पाएपछि चालक दल इटली गइसकेको छ । जहाज मंगलबार उताबाट उड्ने र २८ गते काठमाडौं ल्याउने तयारी छ,’ उनले भने ।

एनएसीले ३० दिनमा सि-चेक गर्ने भनेर जहाज पठाएको थियो । निर्माण कम्पनीले काममा ढिलाइ गरेको एनएसीको आरोप छ ।




एटिटेकले सि-चेकमा अतिरिक्त समय लगाएको छ । काम ढिला गरेको विषयमा कम्पनीलाई जरिवाना गर्ने विषयमा भने एनएसी अझै प्रष्ट छैन ।

लङ हल रुटमा प्रति उडान १ करोड ७५ लाख रुपैयाँ आम्दानी दिने वाइडबडी जहाज भनिएको भन्दा डेढ महिना बढी ग्राउण्डेड हुँदा एनएसीले झण्डै १ अर्ब रुपैयाँ आम्दानी गुमाइसकेको छ । त्यसो त यसअघि एनएसीकै अर्को वाइडबडी जहाज सि-चेकमा पनि एक महिना थप समय लगाइएको थियो ।

# एभरेष्ट बैंक र एनसीएचएलबीच सम्झौता

काठमाडौं- एभरेष्ट बैंक लिमिटेड र नेपाल क्लियरिङ्ग हाउस लिमिटेडबीच बष्उिबथ+ को नेटवर्कमा रहेका सदस्य वालेटहरु मार्फत (ल्भ्एबिएब्ध) मर्चेन्टहरुका त्तच मा अन्तरदेशीय भुक्तानी गर्नका लागि सम्झौता भएको छ ।

उक्त सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ्ग तथा एनसीएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधानले हस्ताक्षर गर्नु भएको हो ।



यस सम्झौता अन्तर्गत नेपालमा रहेका (ल्भ्एबिएब्ध त्तच) तथा यसका (ष्लतभचयउभचबदभि त्तच) को मर्चेन्ट त्तच मा बष्उिबथ+को नेटवर्क मार्फत भुक्तानी गर्न सकिने छ । चाइना, हङ्कङ्ग, सिंगापुर, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, मङ्गोलिया, थाईल्याण्ड, साउथ कोरिया, स्वीडेन तथा इटली लगायतका देशहरुबाट नेपाल आएका पर्यटकहरुले आनो डोमेस्टिक वालेट मार्फत नेपालमा रहेका ल्भ्एबिएब्ध त्तच तथा यसका ल्भ्एबिएब्ध त्तच मा सजिलै भुक्तानी गर्न सक्नेछन् ।

बष्उिबथ+ को नेटवर्कमा ६६ वटा विभिन्न ग्लोबल मार्केट अन्तर्गत ३० भन्दा बढि इसुइङ्ग उपकरण, ३०० भन्दा बढि बअत्रगष्चष्लन लभतधयचप, ढ करोड भन्दा बढि ग्लोबल मर्चेन्टहरु आबद्ध रहेका छन् । बष्उिबथ+ को नेटवर्कमा बष्उिबथ ऋजष्लब, इत्रद्यत्र, ऋजबलनष्उबथ,न्अबकज, बष्उिबथज्, ज्ष्उबथ, प्बपबयएबथ, त्यककएबथ, ल्बखभचएबथ, त्लन्, एद्यद्य, त्चगभ:यलभथ,:उबथ, त्ष्लबदब मार्फत अन्तरदेशीय भुक्तानीहरु गर्न सकिने व्यवस्था रहेको छ ।

बष्उिबथ+ ले क्ष्लतभचलबतष्यलर्बा एबथकभलत एबचतलभच का रुपमा आबद्ध भई दुइ नेटवर्कबीच भुक्तानी सुचारु गर्नका निम्ती आवश्यक व्यवस्था मिलाइसकेको छ । यस पहल अनुरुप अब एभरेष्ट बैंकसँग सो भुक्तानी सेवा कार्यान्वयन गर्नका निम्ती सम्झौता भएको हो । नेशनल पेमेन्ट स्वीच अन्तर्गतको ल्भउर्बा त्तच मापदण्ड कार्यान्वयन गर्न, ल्भ्एबिएब्ध त्तच एक स्वतन्त्र त्तच स्किमको रुपमा सञ्चालन हुनुको साथै मर्चेन्ट तथा नेटवर्क लेभलको अन्तरआबद्धता कायम गर्न स्थापना भएको पूर्वधार हो । हाल ल्भ्एबिएब्ध त्तच को नेटवर्क मा ८५०,००० भन्दा बढि (क्ष्लतभचयउभचबदभि त्तच) मर्चेन्टहरु आबद्ध रहेका छन् ।

एभरेष्ट बैंकले आफ्ना ३९,१६७ डिलिभरी च्यानलहरु, नेपालमा रहेका १०,०९८ शाखाहरु, नेपाल बाहिर रहेका २ वटा शाखा, १३,३५० एटिएमहरु तथा १५,७१९ बिजिनेस करेस्पोन्डेन्टहरु मार्फत आफ्ना १४ लाख ग्राहकहरुलाई सेवा प्रदान गर्दै आएको छ ।

# अधिकांश ऋण जग्गामा

काठमाडौं- सरकारी ब्याज अनुदानको सहुलियतपूर्ण कर्जा दुरुपयोग भएको निष्कर्ष नेपाल राष्ट्र बैंकले निकालेको छ । बैंकले गरेको अध्ययनले सहुलियतपूर्ण कर्जामध्ये अधिकांश दुरुपयोग भएको देखाएको हो ।

सहुलियत कर्जाको प्रभावकारिताबारे अध्ययन गर्दा अधिकांश ऋण दुरुपयोग भएको देखिएको राष्ट्र बैंकका अधिकारीहरु बताउँछन् ।

‘सहुलियत कर्जाको प्रभावकारिताबारे हामीले अध्ययन प्रतिवेदन तयार पारेका छौं । प्रतिवेदनमा सहुलियत कर्जामध्ये केही सदुपयोग भएको देखिएपनि धेरै दुरुपयोग भएको उल्लेख छ,’ राष्ट्र बैंकका एक अधिकारीले बिजमाण्डूसँग भने ।

उनका अनुसार कतिपयले सहुलियतपूर्ण कर्जा लिएर उत्पादन क्षेत्रमा लगानी गरी रोजगारी सृजना गरेपनि अधिकांश कर्जा जग्गा खरिदमा प्रयोग गरिएको छ ।

‘सहुलियतपूर्ण कर्जा धेरैजसो जग्गा खरिदमा प्रयोग गरेको देखिएको छ,’ उनले भने, ‘जग्गा देखाएर खेती गर्छु भनी लिएको कर्जा थप जग्गा किन्न र जग्गा प्लटिङ गर्न प्रयोग गरेको पाइयो । तर, जग्गा बिक्री गर्न नसकेपछि ऋण लिएकाहरु अप्ठेरोमा परे ।’

बैंकहरूले व्यावसायिक कृषि तथा पशुपन्छीपालन, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवाको परियोजना, महिला उद्यम, दलित व्यवसाय विकास, उच्च प्राविधिक तथा व्यावसायिक शिक्षा, कपडा उद्योग, प्राविधिक तथा व्यावसायिक, युवा स्वरोजगार लगायत १० क्षेत्रमा सहुलियतपूर्ण कर्जा दिने व्यवस्था सरकारी कार्यविधि छ ।

सहुलियतपूर्ण कर्जामा बैंकहरूले आफ्नो आधारदरमा अधिकतम २ प्रतिशत बिन्दु थप गरी ब्याजदर निर्धारण गर्न पाउँछन् । त्यसमध्ये महिला उद्यमशीलता कर्जामा ६ प्रतिशत र अन्य कर्जामा ५ प्रतिशत ब्याज अनुदान सरकारले दिने व्यवस्था छ ।

बैंक तथा वित्तीय संस्थाहरुले सहुलियतपूर्ण कर्जा सबैभन्दा धेरै व्यावसायिक कृषि तथा पशुपन्छीपालनतर्फ प्रवाह गरेका छन् । यस क्षेत्रमा ८५ अर्ब ११ करोड रुपैयाँ सहुलियतपूर्ण कर्जा दिइएको हो । यस्तै महिला उद्यमका लागि ३६ अर्ब ५५ करोड रुपैयाँ कर्जा गएको छ ।

सरकारले चालु आर्थिक वर्षको बजेटमा सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि ११ अर्ब रुपैयाँ विनियोजन गरेको छ । यो रकम पुरानो बक्यौताभन्दा कम हो । त्यही कारण बैंक तथा वित्तीय संस्थाहरुले सहुलियतपूर्ण कर्जा दिन बन्द गरेका छन् ।

राष्ट्र बैंकले तयार पारेको प्रतिवेदनमा डरलाग्दो तस्वीर देखिएका कारण गभर्नर महाप्रसाद अधिकारीले सहुलियतपूर्ण कर्जाको विरोध गर्दै आएका छन् । राष्ट्र बैंकले कर्जा दुरुपयोगसम्बन्धी प्रतिवेदन सरकारलाई बुझाउन बाँकी छ ।

सरकारले चालु आवको बजेटमार्फत सहुलियपूर्ण कर्जाको ब्याज अनुदानसम्बन्धी कार्यविधि पुनरवलोकन गर्ने भनेपनि अहिलेसम्म काम भएको छैन ।

**रोकियो सहुलियतपूर्ण कर्जा**

सरकारले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान नदिएका कारण बैंक तथा वित्तीय संस्थाहरुले यस्तो ऋण उपलब्ध गराएका छैनन् ।

नेपाल बैंकका कार्यकारी निर्देशक तिलकराज पाण्डेले ब्याज अनुदान नपाएका कारण सहुलियतपूर्ण कर्जा वैशाखदेखि नै स्वीकृत गर्न बन्द गरेको बताए ।

‘हामीले सरकारबाट ब्याज अनुदानबापतको रकम नपाएका कारण सहुलियतपूर्ण कर्जा बन्द गरेका हौं,’ उनले भने । नेपाल बैंकले मात्र ब्याज अनुदानबापत ४६ करोड रुपैयाँ पाउन बाँकी छ ।

सहुलियतपूर्ण कर्जाको आकार एक वर्षमा ६४ अर्ब ६६ करोड रुपैयाँ घटेको छ । पोहोर असोजमा १ खर्ब ८७ अर्ब ८८ करोड रहेको सहुलियतपूर्ण कर्जा अहिले घटेर १ खर्ब २३ अर्बमा खुम्चिएको छ ।

२०८० असोजसम्म सहुलियतपूर्ण कर्जा लिनेको संख्या १ लाख ४२ हजार ३०५ रहेकामा त्यसयताको एक वर्षमा ऋणीको संख्या २२ हजार ८५८ ले घटेको छ ।

# बागमतीमा फेरि मन्त्रालय फुटाउने तयारी



हेटौंडा- मुख्यमन्त्री बहादुरसिं लामाले बागमतीमा पुनः मन्त्रालय फुटाउने तयारी गरेका छन् ।

९ साउनमा मुख्यमन्त्री लामासँगै शपथ लिएका मन्त्री मदुकुमार श्रेष्ठ हालसम्म विना विभागीय छन् । बागमतीमा मुख्यमन्त्री कार्यालयसहित १३ मन्त्रालय छन् । तर मन्त्रिपरिषद १४ सदस्यीय छ ।

मन्त्रालय नतोकिएका कारण विना विभागीय मन्त्री श्रेष्ठ विगत साढे तीन महिनादेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको एउटा कोठामा बस्दै आएका छन् ।

श्रेष्ठलाई आगामी शुक्रबार बस्ने मन्त्रिपरिषद् बैठकबाट मन्त्रालयको जिम्मेवारी दिइने सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछोनले जानकारी दिए ।

बागमतीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, आन्तरिक मामिला तथा कानुन, आर्थिक मामिला तथा योजना, कृषि तथा पशुपन्छी, खानेपानी, ऊर्जा तथा सिँचाइ, भौतिक पूर्वाधार, वन तथा वातावरण, श्रम, रोजगार तथा यातायात, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन, संस्कृति, पर्यटन तथा सहकारी, सामाजिक विकास, स्वास्थ्य र युवा तथा खेलकुद मन्त्रालय छन् ।

मुख्यमन्त्री लामा निकट स्रोतका अनुसार कांग्रेसका बिमल ठकुरीले नेतृत्व गरिरहेको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय फुटाइने भएको छ ।

सहकारीमा अर्को कुनै विभाग जोडेर नयाँ मन्त्रालय गठन गर्ने तयारीबारे सत्ता साझेदार दल कांग्रेस र एमालेबीच सहमति भइसकेको स्रोतले जानकारी दिएको छ ।

'पर्यटनलाई फुटाएर सहकारी मन्त्रालय बनाउन लागिएको हो । सहकारीमा अर्को कुनै विभाग जोड्ने कुरा भइरहेको छ । सहकारीमा स्थानीय विकास जोड्ने कि भन्ने छलफल भइरहेको हो । यही हप्ताभित्र मन्त्रालय विभाजन भएर श्रेष्ठले जिम्मेवारी पाइसक्नुहुन्छ', मुख्यमन्त्री निकट स्रोतले बताए ।

उनका अनुसार सहकारीमा प्रशासन विभागलाई जोडिने सम्भावना पनि छ । प्रशासन विभाग एमालेकी सुकमाया तामाङले नेतृत्व गरिरहेको उद्योग, वाणिज्य, भूमि मन्त्रालयसँग छ ।

कांग्रेसले भौतिक पूर्वाधार विकास मन्त्रालय फुटाएर शहरी विकास मन्त्रालय गठन गर्नुपर्ने प्रस्ताव एमालेले अस्वीकार गरेपछि मुख्यमन्त्री लामा पर्यटनलाई विभाजन गर्ने निचोडमा पुगेका हुन् ।

भौतिक पूर्वाधार मन्त्रालयमा एमालेबाट अमनकुमार मास्के मन्त्री छन् । 'भौतिक फुटाउन एमालेले मानेन । त्यसैले मुख्यमन्त्रीज्यू आफ्नै भागको मन्त्रालय विभाजन गर्नेमा पुग्नुभएको हो । एमाले पनि यसमा सहमत छ', लामा निकट स्रोतले भन्यो ।

एमाले बागमती प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक मधुसुदन पौडेल मन्त्रालय विभाजन गर्ने विषयमा छलफल भइरहेको बताउँछन् । कांग्रेसले धेरै मन्त्री नियुक्त गर्दा मन्त्रालय फुटाउनुपर्ने बाध्यता आइपरेको उनले बताए । 'यो कांग्रेसभित्रको समस्याले भएको हो । मन्त्री नियुक्त गर्दा ध्यान दिइएन । मन्त्रालय फुटाउने विषय राम्रो थिएन', उनले भने ।

गत साउनमा सरकार गठनका बेला कांग्रेस र एमालेबीच मुख्यमन्त्रीसहित ७ कांग्रेसलाई र ६ एमालेलाई मन्त्रालय भागबण्डा लागेको थियो ।

लामाले पार्टीभित्रको आन्तरिक विवाद मिलाउन थप एक जनामन्त्री नियुक्त गरेका थिए । कांग्रेसभित्रको आन्तरिक द्वन्द्वले आर्थिक मामिलामन्त्री नियुक्त भइसकेका प्रभात तामाङलाई शपथ अगाडि नै हटाएर कुन्दनराज काफ्लेलाई सोही मन्त्रालय दिनुपर्ने अवस्थासम्म मुख्यमन्त्री लामा पुगेका थिए ।

बागमतीमा प्रदेश सरकारको पहिलो कार्यकालबाटै मन्त्रालय फुटाउने क्रम चलिरहेको छ । भदौ ०७८ मा मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाउँदै मन्त्रालय संख्या ८ वटा बनाएकी थिइन् । शाक्य दुई महिनामै सत्ताच्यूत भएपछि ११ कात्तिक ०७८ मा मुख्यमन्त्री बनेका नेकपा (एकीकृत समाजवादी)का राजेन्द्र पाण्डेले गठबन्धन सरकारमा भागबण्डा पुऱ्याउन १४ वटा मन्त्रालय बनाए ।

पाण्डेको कार्यकालमा मन्त्रिपरिषदमा १४ जना मन्त्री र ४ जना राज्यमन्त्री थिए । निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंसिर ०७९ मा १४ वटा मन्त्रालय ११ वटामा झारेका थिए ।

पटक पटक गठबन्धन परिवर्तन हुँदा जम्कट्टेलले सत्ता टिकाउनकै लागि मन्त्रालय संख्या ११ बाट बढाएर १३ वटा बनाए । पाण्डे र जम्कट्टेललाई सरकार बनाउन साना दलसमेत जोडेर धेरै दलको समर्थनमा बहुमत पुऱ्याउनुपर्ने अवस्था थियो ।

सरकार बनाउन अन्य साना दलहरुको सहयोग आवश्यक नहुँदा पनि कांग्रेस र एमालेले मन्त्रालय थप्ने तयारी गरेका हुन् । बागमती प्रदेशमा ७ वटा भन्दा धेरै मन्त्रालय नै आवश्यक नरहेको प्रशासन क्षेत्रका जानकारहरु बताउँछन् ।

२६ पुस २०७९ मा निवर्तमान मुख्यमन्त्री जम्कट्टेलले मन्त्रालयको संख्याबारे सुझाव दिन एक कार्यदल गठन गरेका थिए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन प्रमुख सचिव मुकुन्द निरौलाको संयोजकत्वमा रहेको कार्यदलले एउटा मन्त्रालयको वार्षिक प्रशासनिक खर्च ७३ लाख रुपैयाँ हुने जनाएको थियो ।

त्यसयता मन्त्रालयको संख्या र प्रशासनिक खर्च मूल्यांकनका लागि कार्यदल गठन भएका छैनन् ।

# गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित शुचारु




काठमाडौं- भैरहवास्थित गौतम बुद्ध अन्तर ाष्ट्रिय विमानस्थलबाट पुनः उडान सुरु गरेको छ । शनिबार बिहान कुवेतको जजिरा एयरलाइन्सको जहाज भैरहवास्थित विमानस्थलमा अवतरण गरेको छ ।बिहान ७ बजेर ४० मिनेटमा जजिरा एयरलाइन्सको जहाज गौतम बुद्ध विमानस्थलमा अवतरण गरेको हो । दुई वर्षअघि यो विमानस्थल उदघाटनसँगैं जजिराले भैरहवाबाट उडान सुरु गरेको थियो । १० महिना उडान भरेपछि प्राविधिक कारण देखाएर जजिराले उडान स्थगित गरेको थियो । भैरहवा-कुवेत उडान गर्ने जजिराले शनिबारबाट फेरि सेवा दिन थालेको हो ।

सञ्चालनमा आएको दुई वर्षपछि जजिराले पुनः उडान सुरु गरेपछि विमानस्थलमा शनिबार उत्सवको माहौल बनेको छ । शनिबार एकै दिन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई विदेशी र एक स्वदेशी एयरलाइन्सले अन्तर ाष्ट्रिय उडानको सुरुवात गर्दै छन् । विमानस्थल व्यवस्थापनले शनिबारलाई विशेष दिनका रूपमा लिएको जनाएको छ । एकै दिन धेरै विमान कम्पनीले उडान थाल्ने भएपछि यहाँ अवतरण गर्ने जहाजलाई पानीका फोहोराले स्वागत गरिएको छ ।

जजिराले सातामा तीन दिन मङ्गलवार, बिहीबार र शनिबार भैरहवा-कुवेत उडान भर्नेछ । विमानस्थलका अनुसार जजिराको विमान बिहान ७ बजेर ३० मिनेटमा भैरहवा अवतरण गर्नेछ । यहाँबाट ८ बजेर ३० मिनेटमा कुवेतका लागि उडान भर्नेछ ।

गौतम बुद्ध विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार शनिवार मध्यान्हबाट फ्लाई दुबईले उडान थाल्दै छ । फ्लाई दुबईले दुबई-भैरहवा-काठमाडौँ-दुबई उडान गर्नेछ । फ्लाई दुबईले यहाँबाट साताका सातै दिन उडान गर्ने पौडेलको भनाई छ । नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृत उडान तालिका अनुसार प्रत्येक दिन पौने दुई बजे फ्लाई दुबईको जहाज भैरहवा अवतरण गर्नेछ । भने पौने ३ बजे यहाँबाट उडान भर्नेछ ।

महाप्रबन्धक तिवारीका अनुसार नेपाल एयरलाइन्सले शनिबार साँझबाट काठमाडौँ-भैरहवा-दुबई उडान सुरु गर्न लागेको छ । नेपाल एयरलाइन्सले सातामा चार दिन आइतबार, सोमबार, बुधवार र शुक्रबार उडान गर्ने तय भएको छ । नेपाल एयरलाइन्सको जहाज काठमाडौँबाट राति १०.२० बजे भैरहवा अवतरण गर्नेछ । यहाँ आधा घण्टा आराम गरेर दुबईका लागि उडान भर्ने तालिका तय भएको विमानस्थलले जनाएको छ ।

गत भाइटिकाको दिन यहाँ उडान थालेको थाई एयर एसियाको विमान शुक्रबार मध्यान्ह दोस्रो पटक यहाँ अवतरण गरेको थियो । शुक्रबार थाई एयर एसियाको विमान ७ यात्रु बोकेर आएको थियो। यहाँबाट ३२ यात्रु लिएर फर्किएको थियो । आउने साताबाट भने थाई एयर एसियाले सोमबार र बिहीबार उडान गर्ने तय भएको छ ।

नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृत तालिका अनुसार थाई एयर एसियाको विमान मध्यान्ह सवा १२ बजेट यहाँ अवतरण गर्नेछ । एक घण्टा यहाँ आराम गरेपछि यात्रु लिएर थाइल्यान्ड फर्किने तालिका छ । नेपाल एयरलाइन्सले यसअघिबाट गरिरहेको सातामा एक दिन मङ्गलबार क्वलालाम्पुर-काठमाडौँ-भैरहवा उडान कायम रहेको छ । शुक्रबारबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु भएपछि गौतम बुद्ध विमानस्थलमा चहलपहल देखिएको जानकारी भैरवावाट प्राप्त भएको छ ।

## खेलकुद

# कान्तिपुरका पछाईलाई जीसीएसको सम्मान

काठमाडौं विश्व तेक्वान्दो संघका अध्यक्ष डा. चुङ वन चोइको सम्मानमा नेपाल तेक्वान्दो संघले स्वागत कार्यक्रम आयोजना गरेको छ ।

गत साता नेपाल आएका चोइ अन्तर्राष्ट्रिय संस्था गुडविल को अप्रेसन सर्भिस (जीसीएस) इन्टरनेसनलका अध्यक्ष पनि हुन् । जीसीएस इन्टरनेसनलको 'काठमाडौं सम्मेलन' भएको थियो ।

नेपाल तेक्वान्दो संघको अध्यक्ष प्रकाश शम्सेर राणा र महासचिव दीपराज गुरुङ जीसीएस नेपालका पनि अध्यक्ष र महासचिव हुन् ।

सोमबार कार्यक्रममा अध्यक्ष चोइले जीसीएस नेपाल च्याप्टरका नवनियुक्त सदस्य सञ्जीव रेग्मी, दिलबहादुर ओली, भानबहादुर चन्द, कासिम मियाँ, मदन केसी, साम्राज्यविक्रम पाण्डे, रामचन्द्र श्रेष्ठ, राम गिरी, कुमार लामा घिसिङ, बब्लु सिवाकोटी, केशव पुरी, दीपेन्द्रकुमार श्रेष्ठ, अश्विनीकुमार ढकाल, मानषी चन्द, चारु विष्ट, प्रल्हाद थापा, बन्दना राई र एलिसा वैद्यलाई सदस्यताको प्रमाणपत्र प्रदान गरे ।

अध्यक्ष चोइले जीसीएसको अभियान र नेपाली तेक्वान्दोको विकासमा टेलिभिजनको माध्यमबाट उल्लेख्य भूमिका प्रदान गरेवापत कान्तिपुर टेलिभिजनका प्रमुख कार्यकारी अधिकृत शिशिर पछाईलाई सम्मानपत्र प्रदान गरेका थिए ।



अध्यक्ष चोइले नेपालको तेक्वान्दो खेलले प्राप्त गरेको उपलब्धिको प्रशंसा गर्दै आगामी ओलम्पिकमा उच्च पदक प्राप्तिको कामनासहित विश्व तेक्वान्दो र जीसीएसबाट सहयोग गर्ने प्रतिबद्धता जनाए ।

# जुनियर टेनिसको यू-१२ मा आयुषासँग स्वरा पराजित



काठमाडौं- निम्ति कुँवरले खुला जेटीआई जुनियर टेनिस प्रतियो गिताको यू-९ गर्ल्स सिंगल्समा उपाधि जितेकी छन् । उनले सातदोबाटो स्थित टेनिस कम्प्लेक्समा सम्पन्न फाइनलमा निम्तिले अमिरा गुप्तालाई ४-२, ४-० ले सोझो सेटमा हराइन् । यू-८ सिंगल्सको फाइनलमा भने अमिराले निम्तिविरुद्ध जित पाएकी थिइन् ।

यू-९ ब्वाइज सिंगल्समा सहंश बस्न्यातले भिरल अग्रवाललाई ५-३, ३-५, ९-७ र कायान चालिसेले आहान केडियालाई ४-०, ४-१ ले हराएर फाइनल सुरक्षित गरे ।

होटल मिस्टिक माउन्टेनको मुख्य प्रायोजनमा वाग्मती प्रदेश टे निस संघद्वारा आयोजित प्रतियोगिताको यू-१४ ब्वाइज सिंगल्सको फाइनलमा वृजेश अर्याल र अरभसम्राट हाडा पुगेका छन् । वृजेशले विश्व डल्लाकोटीलाई ७-६, ६-१ र असभले साङ्गे रोकायालाई ६-४, ६-४ को सोझो सेटमा हराए ।

सो स्पर्धाको गर्ल्समा शिभाली गुरुङले आयुशा जिसीलाई ६-०, ६-० र स्वस्तिका विष्टले कर्मिस्था श्रेष्ठलाई ६-४, ६-० ले हराएर फाइनलमा स्थान बनाए ।

यू-१० ब्वाइज सिंगल्समा सभ्यजंग कार्कीले सहान्श बस्न्यातलाई ६-४, ६-० र भिरल अग्रवालले अविर केडियालाई ६-० र ६-४ को सोझो सेटमा हराएर फाइनलमा स्थान बनाए । गर्ल्समा सरा पन्तले टिभिसी राणालाई ६-२, ६-० र नाइरा घलेले सुहानी जजोडियालाई ६-२, ६-१ ले हराएर फाइनलमा प्रवेश गरे ।

यू-१२ ब्वाइज सिंगल्समा सुजन कुइँकेलले वेदान्त चालिसेलाई ६-४, ४-६, ६-४ र विश्व डल्लाकोटीले आरित मल्ललाई ६-२, ६-१ ले पराजित गरी फाइनलमा स्थान पक्का गरे । सोही इभेन्टको गर्ल्समा आयुशा जिसीले स्वरा थापालाई ६-२, ६-१ र सरा पन्तले अनुश्री ध्वजुलाई ६-४, ६-१ ले हराएर फाइनल यात्रा तय गरेका छन् ।

# राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको क्षमता बढाईदै




काठमाडौं- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालीको स्वास्थ्य परीक्षण स्वदेशमै गर्ने गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गर्ने भएको छ ।

धेरै रोगको परीक्षण नेपालमा नभएर भारत जानुपर्ने बाध्यता अन्त्य गर्न सरकारले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गर्ने भएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलका अनुसार क्यान्सर परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा नै गर्नुपर्ने गरी समझदारी-पत्र (एमओयू) मा हस्ताक्षर भइसकेको छ । 'अब नेपाली नागरिकले क्यान्सर परीक्षणका लागि विदेश जानुपर्ने छैन', मन्त्री पौडेलले बताए ।

मन्त्रालयले पहिलो चरणमा सबै सरकारी अस्पतालहरूसँग एमओयू गर्ने प्रक्रिया अघि बढाएको छ । दोस्रो चरणमा निजी अस्पतालहरूलाई पनि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्ने गरी एमओयू गर्न प्रोत्साहित गरिने योजना छ ।

वार्षिक रूपमा स्वास्थ्य परीक्षण शुल्कबाट राज्यले करोडौं रुपैयाँ कर प्राप्त गर्ने गरेको छ । सम्पूर्ण परीक्षण स्वदेशमै हुन थालेपछि राज्यको राजश्व संकलनमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ ।

केन्द्रीय प्रयोगशालाको क्षमता विस्तारका लागि विस्तृत कार्ययोजना तयार पारिंदैछ । यसमा आवश्यक पूर्वाधार, प्राविधिक उपकरण र दक्ष जनशक्तिको विवरण समेटिने छ ।

योजनाको लागत अनुमान तयार भएपछि स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा पठाइने तयारी भइरहेको मन्त्री पौडेलले जानकारी दिए ।

# गाजामाथि इजरायली नरसंहारविरुद्ध माओवादी केन्द्र संस्थागत रूपमै विरोधमा उत्रियो



काठमाडौं- इजरायलले प्यालेष्टाइनी भू-भागहरू गाजा र पश्चिमी क्षेत्रमा निरन्तर सैन्य हस्तक्षेप गरी नरसंहार गरेकोप्रति प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले संस्थागत रूपमै विरोध जनाएको छ । प्यालेष्टाइनीहरूको जातीय नरसंहारलाई लिएर संयुक्त राष्ट्रसंघ लगायत विश्वव्यापी विरोध र भर्त्सना हुँदा समेत इजरायली फाँसिवादी युद्ध आतंक नरोकिएको भन्दै माओवादीले विरोध जनाएको हो ।

महासचिव देव गुरुङले विरोधका विभिन्न कार्यक्रममा सहभागी हुन आइतबार प्रदेश समितिलाई परिपत्र नै पठाएको एक नेताले जानकारी दिए । प्यालेष्टाइनीमाथिको बर्बरतापूर्ण इजराइली नरसंहारको विरोधमा विरोध अभियान आवश्यक रहेको माओवादीको निष्कर्ष छ ।

आक्रमणको विरोधमा राजनीतिक दल र नागरिक समाजका अगुवाहरूको पहलमा 'प्यालेष्टाईनीहरू माथि इजरायलबाट भइरहेको जनसंहार विरुद्ध संयुक्त अभियान, नेपाल' गठन भएको छ । यस अभियानमा माओवादी केन्द्रबाट महासचिव देव गुरुङ सहभागी रहेका छन् । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकै निर्देशनमा संयुक्त अभियानको संयन्त्र र कार्यक्रममा सक्रिय सहभागी हुने परिपत्रमा उल्लेख गरिएको ती नेताले बताए ।

'हाम्रो पार्टीको आदरणीय अध्यक्ष क. प्रचण्डको निर्देशन अनुसार यस अभियानको मूल विषयमा हाम्रो पार्टीको समान धारणा रहेकोले यस संयुक्त अभियानको संयन्त्रमा सहभागी हुने र त्यसका कार्यक्रमहरूमा सक्रिय सहभागी हुने निर्देशन गर्नुभएको छ । अतः यस संयुक्त अभियानबाट यही कार्तिक २६ गते इजरायली दूतावासमा ज्ञापनपत्र दिने लगायतका विभिन्न कार्यक्रमहरुको आयोजना भएकोले उक्त कार्यक्रमहरूमा व्यापक जनसहभागितामा जोड दिन यो परिपत्र गरिएको छ', परिपत्रमा भनिएको छ ।

ती नेताका अनुसार माओवादीले संयुक्त अभियानका निर्णय र कार्यक्रमहरू समेत परिपत्रमा पठाएको छ । कात्तिक २१ गते बसेको संयुक्त अभियानको संयन्त्रको बैठकले पाँच बुँदे निर्णय गरेको थियो ।

पहिलो बुँदामा संयन्त्रको नाम 'प्यालेस्टिनीहरूमाथि इजरायलबाट भइरहेको जनसंहार विरुद्ध संयुक्त अभियान, नेपाल' राख्ने निर्णय गरेको थियो । दोस्रो बुँदामा इजरायली जनसंहारविरूद्ध रहेका सबै दल, बृहत्तनागरिक आन्दोलन, संघ-संस्था र व्यक्तित्वहरू कात्तिक २६ गते १ बजे शान्तिबाटिका, शंखधर पार्कमा जम्मा भएर इजरायली राजदूतावास, लाजिम्पाटमा ज्ञापनपत्र दिने रहेको छ ।

यस्तै तेस्रो बुँदामा मंसिर ८ गते १ बजे माइतीघर मण्डलामा एकत्रित भएर बृहत्तविरोध प्रदर्शन गर्दै नयाँ बानेश्वरसम्म जाने र त्यहाँ विरोध सभा गर्ने, चौथो बुँदामा ज्ञापनपत्र र बृहत् विरोध प्रदर्शनको कार्यक्रमको बिचमा इजरायली जनसंहार सम्बन्धमा जनमत सिर्जनाको उद्देश्यले फोटो तथा भिडियो प्रदर्शनी गर्ने उल्लेख छ । यस सम्बन्धी ज्ञाताहरूसँग बसेर यसको स्थान, मिति र विधि बारे टुङ्गो गर्ने सहमति भएको बताइएको छ ।

पाँचौं बुँदामा नेपाल सरकारलाई ज्ञापनपत्र दिने, अमेरिकी दूतावासमा ज्ञापनपत्र दिने र नेपालका विभिन्न सहरी केन्द्रमा पनि विरोध प्रदर्शन गर्नेबारे संयन्त्रमा आम सहमति भएकाले यसबारे विस्तृतमा पछिका संयन्त्रका बैठकमा टुंग्याउने निर्णय गरेको थियो ।

इजरायलको विरूद्ध माओवादी सहितका दलहरू विरोधमा उत्रिएको विषयमा माओवादी केन्द्रका प्रवक्ता अग्निप्रसाद सापकोटाले भने, 'प्यालेष्टाइनी भू-भागमा लगातार इजरायली हमलाले त्यहाँ ठूलो नरसंहार भएको छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताविपरित मानवता विरोधी आक्रमणको विरोध गर्नुपर्ने आवश्यक देखिएकाले हामी विरोधमा उत्रिएका हौँ । त्यहाँ तत्काल नरसंहारको अन्त्य गरी शान्ति स्थापना गर्न दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रममा सहभागी भएका हौँ ।'

यस्तै प्रचण्ड सरकारको पछिल्लो कार्यकालमा परराष्ट्र सल्लाकार रहेका रुपक सापकोटाले हमासद्वारा इजरायीलमाथि भएको आक्रमणको समेत विरोध गरेको दाबी गरे । अहिले इजरायले जसरी गाजा क्षेत्रमा नरसंहार गरिरहेको छ, त्यसको विरोध गर्नु आवश्यक भएको उनले बताए ।

'त्यतिबेला हमासद्वारा इजराइलमा भएको आक्रमणको पनि सरकारले विरोध गरेको थियो । माओवादीसहित विभिन्न दलहरूले विरोध गरेको थियो । यसको मतलब यो होइन कि गाजा क्षेत्रको जुन किसिमको नरसंहार भइरहेको छ । महिला, बालबालिका, सार्वजनिक क्षेत्रहरू जसरी तहसनहस भइरहेका छन् । त्यहाँ ठूलो मानवीय संकट पैदा भइराखेको छ । त्यसको अन्त्य गरी शान्ति स्थापनाका लागि दबाब दिन आवश्यक ठानेर नै विरोध गरिएको हो', सापकोटाले भने ।

# बागलुङ पिकअप भ्यान दुर्घटना




बागलुङ- बागलुङको जैमिनी नगरपालिका-८ छिस्तीबाट जिल्ला सदरमुकाम बागलुङ बजार आउँदै गरेको 'पिकअपभ्यान' दुर्घटनामा मृत्यु हुनेहरुको पहिचान खुलेको छ । जैमिनी-७ जैदीको व्यार्थला नजिकै ग२च ९२४७ 'पिकअपभ्यान' आज बिहान दुर्घटना हुँदा चालकसहित पाँच जनाको मृत्यु भएको थियो ।

मृत्यु हुनेहरुमा जैमिनी नपा-०८ केवई बस्ने जिप चालक ३८ वर्षीय महेन्द्र पुन, सोही ठाउँ बस्नेहरु २० वर्षीय रश्मी श्रीष, ५० वर्षीय नन्दकली पुन, १७ वर्षीय निरज श्रीष र ७५ वर्षीय कुल प्रसाद श्रीष रहेका छन् । दुर्घटनामा जैमिनी नपा ०८ केवई बस्ने ४५ वर्षीय गंगाबहादुर श्रीष घाइते भएका छन् ।

भ्यान सडकदेखि एकसय मिटरभन्दा तल खसेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं सूचना अधिकारी केशव थापाले जानकारी दिए ।

## अन्तराष्ट्रिय

# अजरबैजानमा कोप-२९ सम्मेलन सुरु

वाकु – बढ्दो जलवायु संकट सम्बोधन गर्ने उद्देश्यले अजरबैजानको राजधानी बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-२९) सुरु भएको छ । सम्मेलनका क्रममा आगामी दुई साता विश्वका करिब २ सय देशका नेताहरूले जलवायु संकटको सामनाका विषयमा केन्द्रित रहेर छलफल गर्नेछन् ।

सम्मेलनले पछिल्लो समय बढ्दो विश्वव्यापी तापक्रमका कारण उत्पन्न प्रतिकूल मौसमी घटनालाई विश्वव्यापी समाधानका लागि सहभागी देशलाई एकताबद्ध बनाउने राष्ट्रसंघले जनाएको छ ।

जलवायु परिवर्तनको प्रभावबाट जीवन रक्षा गर्न खबौं डलर आवश्यक रहेकाले कोप-२९ खासगरी आर्थिक मामलामा केन्द्रित हुने तथा देशहरूलाई हरित गृह ग्यास उत्सर्जन घटाउन आव्हान गर्ने जनाइएको छ । यस वर्षको सम्मेलन नयाँ वित्तीय प्रतिबद्धतामा केन्द्रित छ । जसलाई 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' नाम दिइएको छ ।

सम्मेलनमा एनसिक्युजी वा 'फाइनान्स कोप' भनेर चिनिने नयाँ लक्ष्यबारे सम्मेलनमा छलफल हुने र यो सन् २०२५ देखि प्रभावकारी हुने लक्ष्य राखिएको छ ।




जलवायु वित्तसम्बन्धी स्वतन्त्र उच्चस्तरीय विशेषज्ञ समूहको सन् २०२२ को प्रतिवेदनअनुसार विकासशील देशहरूलाई जलवायु वित्त आवश्यकताहरू कोप-२९ को मुख्य उद्देश्य जलवायुसम्बन्धी चुनौतीहरूको सामना गर्ने कमजोर देशहरूलाई सहयोग गर्न वित्तीय लक्ष्यहरूमा सम्झौताहरू सुरक्षित गर्नु हो ।

राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (यूएनएफसीसीसी) का पक्ष राष्ट्रहरूको २९ औं सम्मेलन (कोप-२९) मा सात महत्त्वपूर्ण विषयहरूलाई उठाउने भएका छन् ।

सम्मेलनमा भाग लिन नेपाली टोलीको नेतृत्व गर्दै राष्ट्रपति पौडेल आइतबार बाकु गइसकेका छन् । राष्ट्रपति पौडेलले हिमालको सुरक्षा, जलवायु वित्तमा प्रतिबद्धता अनुसारको रकम, हानी-नोक्सानी कोषको शीघ्र सञ्चालन, नेपालजस्ता मुलुकहरूलाई जलवायु वित्तमा सहज पहुँच, कम कार्बन उत्सर्जन गर्ने मुलुकलाई क्षतिपूर्ति, कार्बन उत्सर्जन गने मुलुकबाट प्रभावित नेपालजस्ता मुलुकले जलवायु परिवर्तनको सामना गरी पर्यावरणलाई बचाइ राख्न परम्परागत पोखरी र कुवालाई पुनर्जीवित गर्ने विषय उठाउने बताइएको छ ।

राष्ट्रपति पौडेलले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै मंगलबार सम्मलेनलाई सम्बोधन गर्दैछन् । उनले बुधबार नेपालले आयोजना गर्ने महत्वपूर्ण सत्रको नेतृत्वसमेत गर्ने कार्यतालिका छ । भ्रमण टोलीमा उनको सचिवालयका सदस्य, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी र मन्त्रालयका सदस्यहरू तथा परराष्ट्र सचिव सेवा लम्सालसहितका अधिकारी छन् ।

# अमेरिकी तल्लो सदनमा रिपब्लिकन पार्टी बहुमतनजिक



वासिङटन – अमेरिकाको तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्स (प्रतिनिधिसभा) मा रिपब्लिकन पार्टी बहुमतनजिक पुगेको छ । पछिल्लो मतपरिणामअनुसार रिपब्लिकन पार्टीले २ सय १३ सिटमा जित हासिल गरेको छ । डेमोक्रेटिक पार्टीले २ सय ५ सिट ल्याएको छ ।

अझै १७ सिटको परिणाम आउन बाँकी छ । ४ सय ३५ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि २ सय १८ सिट आवश्यक पर्छ ।

मंगलबार भएको मतदानबाट राष्ट्रपतिमा रिपब्लिकन दलका उम्मेदवार डोनाल्ड ट्रम्प राष्ट्रपतिमा विजयी भइसकेका छन् । उनले डेमोक्रेटिक दलकी उम्मेदवार कमला ह्यारिसलाई पराजित गरेका हुन् ।

कुल ५ सय ३८ मध्ये ३ सय १२ इलेन्टोरल मत प्राप्त गर्दै ट्रम्प ४७ औं राष्ट्रपतिमा निर्वाचित भएका हुन् । ह्यारिसले २ सय २६ इलेक्टोरल मत प्राप्त गरिन् । माथिल्लो सदन सिनेटमा पनि रिपब्लिकन दलले बहुमत प्राप्त गरिसकेको छ ।

# “तेल भिसा”मा डबल रोल गर्न विपिनले डबल पारिश्रमिक लिएका हुन् ?




‘भर्सटायल’ अभिनेता विपिन कार्की ‘महाजात्रा’ रिलिजको करिब ७ महिनापछि नयाँ फिल्म ‘तेल भिसा’मार्फत् पर्दामा देखिँदैछन् । आगामी मंसिर ७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको यो फिल्म उनका लागि निकै विशेष छ । किनकि, यसमा उनी बाबु र छोराको गरी दोहोरो भूमिकामा देखिएका छन् । दुईवटा भूमिका भएकै कारण उनले पारिश्रमिक ४० लाख लिएको समेत चर्चा छ ।

सोमबार काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा विपिनलाई पारिश्रमिकको विषयमा पनि प्रश्न तेर्सियो । डबल रोल गर्न डबल पारिश्रमिक लिएको भन्ने कुरा उनले ठाडै अस्वीकार गरे । उनले भने, ‘दुईवटा चरित्र गर्न छुट्टाछुट्टै पारिश्रमिक लिएको चाहिँ होइन । दुईवटा चरित्र गर्ने कुरा म फिल्ममा अनुबन्धित भइसकेपछि भएको निर्णय हो ।’ दोहोरो चरित्र गर्दा दुईवटा फिल्म गरेजस्तो महसुस भएको उनको अनुभव छ ।

‘मलाई एउटा क्यारेक्टर गर्न नै एकदमै गाह्रो हुन्छ । दुईवटा क्यारेक्टरमा दुईटाजस्तो देखिन र त्यसमा विश्वास दिलाउनका लागि मिहिनेत त पर्छ नै । तर, फिल्ममा काम गर्ने निश्चित भएपछि कसरी गर्ने भनेर मैले सोच्न थालिसकेको थिएँ । तर, दोहोरो चरित्रले गर्दा दुईवटा फिल्म गरेजस्तो चाहिँ हुँदोरहेछ । त्यसमाथि फिल्ममा एउटा पार्ट अमेरिका अनि अर्को नेपालको छ । त्यसले गर्दा दुईवटा फिल्म गरेजस्तो, घाटा लागेजस्तो भयो,’ उनले हाँस्दै भने ।

फिल्मकी अभिनेत्री तथा निर्मात्री ऋचा घिमिरे विपिन १ करोड पारिश्रमिकका लागि पनि योग्य रहेको दाबी गर्छिन् । भन्छिन्, ‘उहाँ अफस्क्रिन र अनस्क्रिन दुवैमा साह्रै सहज हुनुहुन्छ । हाम्रो अमेरिकाको सेड्युल ‘टफ’ थियो । उहाँले स्टारडमअनुसार व्यवहार गर्नुभएको भए हामीलाई गाह्रो हुन्थ्यो । उहाँ अभिनय र व्यवहारको हिसाबले ५० लाख मात्र होइन, एक करोड डिजर्भ गर्नुहुन्छ ।’

## अभिभावक बन्दै संयम र आश्मा

अभिनेता संयम पुरी र अभिनेत्री आश्मा डिसी पहिलो सन्तानलाई स्वागत गर्ने तयारीमा छन् । अर्थात् उनीहरु अभिभावक बन्दैछन् । आइतबार आश्माले ‘बेबी सावर’ मनाएकी थिइन् । सोमबार उनले आफ्नो इन्स्टाग्राममा एक भिडियो सेअर गरेकी छन्, जसमा उनले ‘मम’ र संयमले ‘ड्याड’ लेखिएको क्यापटोपी लगाएका छन् । आश्मा आगामी मंसिरमा आमा बन्न लागेकी हुन् ।

संयम र आश्माले करिब एक दशक लामो प्रेम सम्बन्धलाई २०७९ सालको मंसिरमा विवाहमा परिणत गरेका थिए । विगत केही वर्षयता उनीहरु अमेरिकामा बस्दै आइरहेका छन् । संयम र आश्माले पहिलो पटक फिल्म ‘आभाष’मा एकसाथ काम गरेका थिए । यही फिल्मको बेला उनीहरुबीच प्रेम अंकुरण भएको थियो । यसपछि फिल्म ‘नाइँ नभन्नु ल ३’मा पनि दुवैले एकसाथ काम गरे ।

अभिनयमा अब्बल मानिएका संयमले ‘सायद’बाट अभिनेताको रुपमा डेब्यू गरेका थिए ।







यसपछि उनले ‘पुन्टे परेड’, ‘लभ सब’, ‘ग्याङस्टर ब्लुज’, ‘रातो घर’ लगायतका फिल्ममा अभिनय गरे । उनी लिड हिरोमा भने चल्न सकेनन् । अमेरिका गएपछि उनले अभिनयलाई निरन्तरता दिन सकेका छैनन् । आश्मा भने अमेरिका जानुअघि ‘रामप्यारी’मा देखिएकी थिइन् ।

## देशले खोजेको पाएन



### उपेन्द्र बानियाँ

नेपाल हाम्रो, चिटिक्क राम्रो, स्वर्गकै समान ।
आकार सानो, भएर पनि, सौदर्य महान ।
गौतम बुद्ध, जन्मेको ठाउँ, लुम्बिनी यहाँ छ ।
भृकुटी-सिता जन्मेको, ठाउँ त्यो अन्त कहाँ छ ?
विश्वको अग्लो सगरमाथा त्यो हाम्रो गौरव ।
संसारलाई चकित पार्ने छर्दछ सौरभ ।
प्रकृतिप्रेमी पाहुनाहरु नेपाल घुमेर ।
फर्कन्छन् देश यो देशलाई हातले चुमेर ।
पूर्वको भेग सेताम्यै हुन्छ त्यो सेतो गुराँश ।
पश्चिमी भेग राताम्यै पार्छ त्यो रातो गुराँश ।
खोला र नाला झर्ना र छागा झलल झरेका ।
जंगल घुम्दै हिडेर जादा हरिन चरेका ।
वारी छ डाँफे पारी छ मयूर नाचेका फरर ।
जंगली दृष्य हेरेर हिड्दा कस्तुरी हरर ।
पश्चिम-पुर्व-दखिन-उत्तर राष्ट्रिय निकुञ्ज ।
अनेकथरी जंगली जन्तु जन्तुकै छ पुञ्ज ।
प्रगति हाम्रो बढेर जाओस् भनेर चाहेको ।
दुर्भाग्य रहेछ अहिलेसम्म छैन है पाएको ।
यो देश राम्रो संचालन गर्ने सक्षम चालक ।
अहिलेसम्म मिलेका सबै अक्षम बालक ।

## गजल



### रामचन्द्र खड्का

मेरा दिनहरु बिजोकमा चलिरहेछन
तिम्रा क्षणहरु जोकमा चलिरहेछन ।

ठम्याउन नसकेपछि खनेका ति भित्तापनि
परेपछि पानी, झर्ने झोकमा गलिरहेछन ।

भुल भाकै छ उ बाट सच्याउ या त बिगार
यादले पनि कुनैपल शोकमा छलिरहेछन ।

मासु पाएपछि कोहि हड्डि चुस्ने दाउमा
बेखबर जवानिको चोकमा दलिरहेछन ।


केन्द्र पुग्ने दैाडमा दुबै जना बिकेन्द्रित भइ
ठेस बनाएर बिच बिचमा छलिरहेछन ।

## “सारङ्गी”ले बनाएको दुई दुर्लभ कीर्तिमान, जुन तोडिन सहज छैन

कीर्तिमान भनेको तोडिनका लागि बन्छ । संसारमा असम्भव मानिएका कयौं कीर्तिमान तोडिएका छन् । तर, फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’ले बनाएको दुर्लभ कीर्तिमान तोडिन सहज देखिँदैन । लक्ष्मीपूजा (कात्तिक १५ गते)बाट प्रदर्शनमा आएको यो फिल्मले शो संख्या र व्यापारमा कीर्तिमान रचेको छ । सर्वाधिक शो पाउने नेपाली फिल्मको रेकर्ड आफ्नो नाममा बनाएको फिल्मले एक दिनमै सर्वाधिक कमाई गर्ने नेपाली फिल्मको कीर्तिमान पनि कायम गरेको छ ।

घटस्थापनामा आएको फिल्म ‘बेहुली फ्रम मेघौली’ले सर्वाधिक शोको कीर्तिमान रचेको थियो । यसले पहिलो दिन ३ सय ३५ शो पाएको थियो । यो रेकर्डलाई ‘पूर्ण बहादुरको सारङ्गी’ले दोस्रो हप्ताको सम्मुखमा तोड्यो । अहिले ४ सय ७० बढी शोसहित फिल्म प्रदर्शनरत छ । यो कूल शोको लगभग ७० प्रतिशत हिस्सा हो । अब यो रेकर्ड तोड्न अन्य नेपाली फिल्मलाई सहज देखिँदैन ।

शुक्रबार र शनिबार फिल्मले अर्को कीर्तिमान रच्यो । यसले दोस्रो हप्ताको शुक्रबार २ करोड ९९ लाख र शनिबार ३ करोड ८९ लाखको व्यापार गर्दै एकै दिनमा सबैभन्दा बढी कमाई गर्ने नेपाली फिल्मको कीर्तिमान आफ्नो नाममा गरेको छ । यसअघि एकै दिनमा सर्वाधिक कमाई गर्ने फिल्मको रेकर्ड ‘कबड्डी ४’ले बनाएको थियो, जसको पहिलो दिनको कमाई २ करोड ९० लाख ग्रस थियो । अब यो रेकर्ड तोडिएको छ ।




‘पूर्ण बहादुरको सारङ्गी’ले दोस्रो हप्ताको शनिबारसम्ममा घरेलु बक्स अफिसमा झन्डै १८ करोड जोडेको छ । प्रदर्शनको १० दिनसम्ममा फिल्मको कूल कमाई १७ करोड ९८ लाख पुगेको छ । यो व्यापार अंक अद्भूत हो । फिल्मको गति अझै केही दिन यस्तै रहेको खण्डमा यसले ‘कबड्डी ४’को नाममा रहेको साढे २३ करोडको ऐतिहासिक रेकर्ड तोड्न सक्ने देखिन्छ ।

फिल्मले दर्शकलाई बिहान ४ बजे र साँझ ११ बजेसम्म हलमा तानिरहेको छ । तैपनि देशभर टिकटको हाहाकार देखिन्छ । हरेक उमेर समूहका दर्शक फिल्म हेर्न पुगेका छन् । फिल्म हेर्दा रोएका भिडियोले टिकटक कब्जा गरेको छ । त्यही भिडियो हेरेर हल पुग्ने दर्शकको संख्या उस्तै छ । कतिलाई फिल्मको नाम समेत थाहा हुँदैन । ‘रुवाउने फिल्म’ भन्दै हलमा टिकट मागिरहेका छन् । सम्भवतः यो किसिमको क्रेज नेपाली फिल्मले यसअघि देखेको थिएन ।

बाबु-छोराबीचको भावनात्मक सम्बन्धको कथा भन्ने फिल्ममा विजय बराल, प्रकाश सपूत, अञ्जना बराइली, मुकुन भुसाल, बुद्धि तामाङ लगायतको अभिनय छ । बाबुले छोराका लागि देखेको सपनाको कथा फिल्मले भन्छ । फिल्ममा जीवन्त अभिनय गरेका विजय बराललाई दर्शकले ‘नेचुरल स्टार’को उपमा दिएका छन् । उनले मुख्य भूमिकामा काम गरेको यो पहिलो फिल्म हो ।

# ग्लोबल आइएमई बैंकको क्यासब्याक अफर




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकहरुका लागि यती एयरलाइन्सको टिकट खरिदमा निश्चित क्यासब्याक अफर योजना सार्वजनिक भएको छ।

उक्त क्यासब्याक अफर योजना अनुसार ग्लोबल आइएमई बैंकको मोबाइल बैंकिङ्ग "ग्लोबल स्मार्ट प्लस" प्रयोगकर्ताहरुले यती एयरलाइन्सको हवाई टिकटको खरिदमा निश्चित रु. ५०० क्यासब्याक पाउनेछन्।

बैंकका ग्राहकहरु तथा ग्राहक परिवारका सदस्यहरुले ग्लोबल स्मार्ट प्लसबाट यती एयरलाइन्सको टिकट बुक गर्दा "ाथ्थ्भत्क्ष" प्रोमो कोड प्रयोग गरी रु. ५०० क्यासब्याक पाउनेछन्। ग्राहकहरुले यो प्रोमो कोड ३ पटकसम्म प्रयोग गर्न सक्नेछन्। यो क्यासब्याक योजना नोभेम्बर २९ सम्म रहने छ।

ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ। ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स भित्र्याउने सुविधा पनि दिँदै आएको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# चीनका लागि नेपाली राजदूतमा कृष्णप्रसाद ओली नियुक्त



काठमाडौं- प्रा. डा.कृष्णप्रसाद ओली चीनका लागि नेपाली राजदूत नियुक्त भएका छन्।

राष्ट्रपती रामचन्द्र पौडेलले संविधानको धारा २८२ ९१० बमोजिम ओलीलाई राजदूत नियुक्त गरेका हुन्। यस्तै अमेरिकाका लागि नेपाली राजदूतमा लोकदर्शन रेग्मी नियुक्त भएका छन्।

१४ साउनमा मन्त्रिपरिषद्ले १७ देशका लागि नेपाली राजदूत सिफारिस गरेको थियो। संसदीय समितिले अनुमोदन गरेर एग्रिमो आएपछि राष्ट्रपति पोडेलले ओली र रेग्मीलाई राजदूत नियुक्त गरेका हुन्।

# हार्दिक श्रद्धाञ्जली



आधुनिक कला साहित्य संस्कृति फाउन्डेसनका अध्यक्ष तथा सुख शान्ति मिडियाका सल्लाहकार, ढकाल साहित्य समाजका अध्यक्ष मुरलीप्रसाद ढकालकी ममतामयी आमा कृष्णकुमारी ढकालको कार्तिक २३ गतेका दिन ८७ वर्षको उमेरमा असामयिक महाप्रस्थान भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यसैगरी शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी समवेदना प्रकट गर्दै मृतक आत्माको वैकुण्ठ वास होस् भनी भगवान पशुपतिनाथसँग प्राथना गर्दछौं।

# सौराहामा डेढ अर्ब लागतमा पाँचतारे लक्जरी रिसोर्ट तयार, रोयल टुलिप जनवरीदेखि सञ्चालन हुने



**■ बसन्तराज उप्रेती**

काठमाडौं- चितवनमा पाँच तारे लक्जरी रिसोर्ट सञ्चालनमा आउन लागेको छ। युरोपकै दोस्रो ठूलो होटल ब्राण्डको व्यवस्थापन रहने रोयल टुलिप रिसोर्ट आगामी जनवरीदेखि सञ्चालनमा ल्याउन लागिएको हो।

कोभिडका बेला शिलान्यास गरिएको रिसोर्टको निर्माण अन्तिम चरणमा पुगेको छ। करिब ३४ रोपनी क्षेत्रफलमा निर्माणाधीन रिसोर्टमा २२ वटा भवन छन्।

रिसोर्टमा १३ वटा एक तल्ले, पाँचवटा दुई तल्ले, तीनवटा तीन तल्ले र एउटा चार तल्ले गरी २२ वटा भिल्ला छन्। ती भिल्लामा स्विट लगायत विविध सुविधासहितका ६५ कोठा छन्। करिब डेढ अर्बको लागतमा केटिएम हस्पिटालिटीले रिसोर्ट बनाएको हो।

हस्पिटालिटीका सञ्चालक रामेश्वर शाहका अनुसार रिसोर्ट निर्माणमा १ अर्ब ४७ करोड रुपैयाँ लगानी भएको छ। उनले रिसोर्ट सञ्चालनमा आएपछि सौराहा मात्र नभइ मुलुककै पर्यटन प्रवर्धनमा टेवा पुग्ने बताए।

'हामीले पर्यटकलाई विशेष सुविधा दिने लक्ष्यसहित रिसोर्ट बनाएका हौं। यो चितवनकै पहिलो पाँच तारे लक्जरी रिसोर्ट हो,' उनले भने, 'यसले पर्यटकलाई सुविधा त दिन्छ नै, युरोपको चर्चित ब्राण्डले व्यवस्थापन गर्ने भएकाले नेपालकै पर्यटन प्रवर्धनमा पनि सहयोग पुग्ने विश्वास छ।'

लुभ्र होटल्स र केटिएम हस्पिटालिटीबीच २०७९ असार अन्तिममा ब्राण्डिङका लागि सम्झौता भएको थियो।

रोयल टुलिप हस्पिटालिटी व्यवसायमा विश्व बजारमा सफलता हासिल गरिरहेको बहुराष्ट्रिय फ्रान्सेली समूह लुभ्र होटल्स अन्तर्गतको एउटा ब्राण्ड हो। लुभ्र होटल्स युरोपकै दोस्रो ठूलो होटल ब्राण्ड हो। यसले विश्वका ६० भन्दा बढी देशमा १६ सयभन्दा बढी होटल सञ्चालन गर्दै आएको छ।

निर्माण अन्तिम चरणमा पुगेपछि रिसोर्ट सञ्चालनमा ल्याउनका लागि कर्मचारी मागिएको छ। सञ्चालक शाहले जनवरीबाट सञ्चालनमा ल्याउने तयारी रहेकाले कर्मचारी मागेको जानकारी दिए।

'रोयल टुलिप रिसोर्ट निर्माणको ९५ प्रतिशत काम सकिएको छ। हामी आउँदो जनवरीबाट रिसोर्ट सञ्चालनमा ल्याउने गृहकार्यमा छौं,' सञ्चालक शाहले बिजमाण्डुसँग भने, 'अहिले रुमहरुमा एमिनिटिज राख्ने र बाहिरी रङरोगनको काम भइरहेको छ। कर्मचारी भर्नाका लागि हामीले आज भ्याकेन्सी खोलेका छौं।'

रोयल टुलिप रिसोर्टमा १२० जनाले प्रत्यक्ष रोजगारी पाउनेछन्। छनोट हुने कर्मचारीलाई लुभ्र होटल्सले नै तालिम दिएर नियुक्त गर्ने छ।

रिसोर्टमा पुग्नेले डुंगा सयर, जलमहलको बास, स्विमिङ पुल, हेल्थ क्लब, स्पा, चिल्ड्रेन पार्क, एमपी थियटर पदयात्रा मार्ग, आफ्नै बेकरीसहितको ग्रिल बार र रेस्टुरेन्ट जस्ता सेवा पाउनेछन्।

**जुवातासले गर्छ सर्वनाश**

**जुवातासको लतले,**

- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- श्रसामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,
- त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार